Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २५, २०७९ साल माघ ३ गते मंगलबार (Jan 17, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)


मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# नेपालका शहरहरूमा गुण्डागर्दीहरूको फेरिएको शैली

काठमाडौ । नेपालका शहरहरुमा कुनैवेला गुन्डागर्दी भन्ने हुन्थ्यो त्यतिवेला टोल(टोलमा व्यवसायीहरुलाई धम्कायर नै पैशा माग्ने नदिए समूहमा आएका त्यस्ता समुहले व्यवसायीलाई कुटपिट गर्ने जस्ता काम हुन्थे व्यवसायीहरु डराएर ति गुन्डागर्दी गर्ने समुहलाई आफुले खाई नखाई कमाएको पैशा डराएर दिने गर्दथे । त्यतिवेला काठमाडौ उपत्यकाका प्रहरी प्रभागहरुलाई गुन्डागर्दी नियन्त्रण नै ठुलो चुनौतिको विषय बनेको हुन्थ्यो । प्रहरी प्रभाग र काठमाडौ परिसरमा प्रहरी प्रमुख फेरिने वित्तिक्कै ति नयाँ जिम्मेवारी सम्माल्न आउने प्रहरी प्रमुखहरुको शव्दमा नै गुन्डागर्दी तह लगाउछु भन्ने अभिव्यक्ति पहिलो हुन्थ्यो । तर गुन्डागर्दी नियन्त्रण हुदैन थियो । किनकी त्याहा त्यस्ता गुन्डागर्दी गर्नेहरुको सरक्षक सायद त्यतिवेलाको सरकारमा रहेको पार्टीका केही नेताहरुको अप्रत्यक्ष साथ भएको हुनुपर्छ । जव माओवादी जनयुद्धले गाउँगाउँवाट शहर घेर्दै आयो त्यतिवेला काठमाडौ उपत्यकामा रहेका गुन्डाहरुलाई तह लगाउन माओवादी शान्ति प्रक्रियामा आएपछि कतिपय टोले गुन्डाहरुलाई माओवादीको भातृ संगठन आईसिएलले कारवाही गरेर गुन्डाहरुलाई बन्धक बनायर अन्य ठुला गुन्डाहरुलई निरुत्सहित बनाएको घटनाहरु पनि छन् ।

तर विडम्बना माओवादी शान्ति प्रक्रियामा आएपछि आफ्ना कार्यकर्ता राम्रोसँग व्यवस्थापन गर्न नसक्दा कतिपय माओवादीका कार्यकर्ता नै पछि यस्ता समुहले माओवादीले युद्धकालमा




सिकाएको युद्धकलालाई तिनै गुन्डा नाइकेहरुले ति माओवादी जनयुद्धमा लागेका तर शहरमा अभावग्रस्त बन्न पुगेका कार्यकर्तालाई दुरुपयोग गर्न पुगे । यस्तो समस्या बढ्न थालेपछि नेपाल प्रहरीले नयाँ अप्रेशन चलायो त्यही नयाँ अप्रेशनमा काठमाडौमा बढी चर्चामा आईहरने,दिनेश अधिकारी ( चरी),घैटे,लाई इन्काउन्टर नै गरयो अर्को देशभरी सञ्जालनै बनायर काम गर्ने मिलन चक्रे, दिपक मनागेलाई त्यही समयमा नेपाल प्रहरीले नियन्त्रण गरेको थियो । उनिहरु जेलमा बसेपनि सञ्जाल चलाई राखेका थिए । उनिहरु बालुवा खानी, त्रसर उद्योग, रेष्टुरेन्टहरुमा मार्षिक पैशा असुली, ठुला व्यापारीहरुलाई धम्कायर पैशा असुली,सरकारी ठेक्का,नयाँ अपार्टमेन्ट वा उनिहरुको पकेट एरियामा व्यवसाय कसैले खोलेको खण्डमा केही प्रतिशत शेयर दिनुपर्ने, ठेक्का पट्टामा टेन्डर खोल्दा प्रयोग हुने सम्मका काममा कमिशनको खेलमा ठुला ठेकदार भनिएकाहरुले नै यस्ता गुन्डालाई प्रयोग गर्ने गर्दथे ठेकेदारहरुले यिनै गुन्डा नाइकेहरुलाई प्रयोग गरेबापत पैशा दिने गर्दथे यस्तै यस्तै उनिहरुको आयस्रोत हुने गर्दथ्यो । यस्तै गुन्डाहरुको सञ्जाललाई समयमा नै नियन्त्रण गर्न नसक्दा निर्माण व्यवस्यी तथा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनको हत्या यस्तै गुन्डाहरुवाट भएको थियो ।

तर जव गुन्डागर्दी गर्ने नाइकेहरुलाई प्रहरीले कतिपयलाई स्पोटमा नै इन्काउन्टर गरेर कतिपयलाई जेलको पर्खालभित्र पुऱ्याएपछि गणतन्त्र स्थापना पछि समुहगतमा देखिने गरी गुन्डागर्दी नगरेपनि देशमा कोभिडले थलिएको अर्थतन्त्रपछि बिस्तारै अर्थतन्त्रमा आउन लागेको आशामा बसेका व्यवसायीहरु तग्रिन नपाउदै तिनै गुन्डा नाईकेहरुले जथाभावी पैशा असुल गर्दा उठ्न लागेको अर्थतन्त्रलाई निरुसाहित पारिराखेका छन् । अहिले महानगर पालिकाले उठाउनु पर्ने फोहोर बाँकी ६ पृष्ठमा

# चिनियाँ राजदूत र प्रधानमन्त्री बीच भेट

काठमाडौं । नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत छन् । सोङले प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटघाट गरेका छन । भेटमा राजदूत सोङले चिनियाँ राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीको तर्फबाट प्रधानमन्त्री दाहाललाई



सफल कार्याकालको बधाई दिएका थिए ।

यस्तै उनले नयाँ वर्षको शुभकामना सन्देश हस्तान्तरण गर्नुका साथै नेपालको स्थायित्व, विकास र समृद्धिको बाटोमा सधैं साथमा रहने बताए। प्रधानमन्त्री दाहालले चिनियाँ सहयोग, सद्भावको लागि धन्यवाद भन्दै आफ्नो तर्फबाट राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्रीलाई सफलता र प्रगतिको शुभकामना व्यक्त गरेका थिए ।

# राजेन्द्र भण्डारी नेतृत्वको प्रगतिशील-व्यवसायिक समुहले गर्यो ४६ बुँदे प्रतिवद्धता

काठमाडौं । बैदेशिक रोजगारको क्षेत्रलाई मर्यादित र सुरक्षित बनाउने अठोटसहित राजेन्द्र भण्डारी अध्यक्ष




रहेको प्रगतिशील व्यवसायिक समुहले ४६ बुँदे प्रतिवद्धता सार्वजनिक गरेको छ । यही माघ ६ गते हुन गइरहेको निर्वाचनमा भण्डारीको नेतृत्वमा चुनावमा होमिएको सो समुहले समुन्नत राष्ट्र निर्माणको आधार, सुरक्षित व्यवस्थित र मर्यादित वैदेशिक रोजगार भन्ने मुल नारासहित आफ्नो प्रतिवद्धता पत्र सार्वजनिक गरेको हो । संघको निर्वाचनमा सो समुहले संघको निर्वाचनमा मञ्चले राजेन्द्र भण्डारीलाई अध्यक्षमा उम्मेदवार बनाएको छ । यस्तै प्रथम उपाध्यक्षमा डिगबहादुर खत्री (कुमार) द्धितीय उपाध्यक्षमा सञ्जु गुरुङ, तृतीय उपाध्यक्षमा रोसन कटुवाल, महासचिवमा मिलन कट्टेल, सचिवमा राजेन्द्र अधिकारी र कोषाध्यक्षमा सरिता घलेलाई उम्मेदवार बनाएको छ । यस्तै सदस्यहरुमा मञ्चबाट बैकुण्ठ प्रसाद पौडेल (वैभव), देउमान नेम्वाङ (डिएम सुब्बा ), शिबहरि मैनाली (सितल), आनन्दप्रसाद कोइराला, खेमनाथ गौतम, मोहनप्रसाद आचार्य, राजेन्द्र बस्नेत, जनकलाल बस्तोला, श्यामचन्द्र खतिवडा र उमेश महतोले उम्मेदवार हुनुहुन्छ । आफ्नो उम्मेदवारले जितेमा संघको भवन निर्माणदेखि बैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्या समाधान गर्ने र ब्यवसायी र कामदारमैत्री कानून बनाउने अठोट पनि गरिएको छ ।

यस्तो छ प्रतिवद्धता

समुन्नत राष्ट्र निर्माणको आधार, सुरक्षित व्यवस्थित र मर्यादित वैदेशिक रोजगार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति२०७९माघ ६गते सम्पन्न हुन गईरहेको २९औं,साधारण सभा तथा निर्वाचनमा राजेन्द्र भण्डारी अध्यक्ष रहेको प्रगतिशील व्यवसायिक समुहको

प्रतिबद्धता-पत्र

आदरणीय व्यवसायी मित्रहरु,

वैदेशिक रोजगार व्यवसायीहरुको व्यवसायिक एकता र पेशागत हकहितको संरक्षणका लागि स्थापित छाता संगठनको रुपमा परिचित नेपाल वैदेशिक रोजगार व्यवसायी संघ,इतिहासका विभिन्न आरोह, अबरोहहरु पार गर्दै आज ३०औं बर्षमा प्रबेश गरेको छ। समान लक्ष्य र उद्देश्यका साथ स्थापित हामी तमाम व्यवसायीहरुको साझा चौतारीको रुपमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गौरवमय ईतिहासको रक्षा गरी आ-आफ्नो व्यवसायलाई निरन्तरता दिंदै राष्ट्र निर्माणमा सक्रिय हुनु आजको आबश्यकता र अपरिहार्यता हो ।

व्यवसायीहरुले बार्षिक करीब ५ लाख वेरोजगार युवाहरुलाई वैदेशिक रोजगारीको अबसर प्रदानगर्दै आएको र हालसम्म करिब ५० लाख नेपाली युवाहरु वैदेशिक रोजगारीका सिलसिलामा विश्वको विभिन्न मुलुकहरुमा पठाईसकेको तथ्यांक सर्व बिदितै छ। विदेशमा रहेका नेपाली श्रमिकहरुले बाँकी ६ पृष्ठमा

## सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं।

- सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङगता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलब्ध गराईन्छ ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलब्ध हुन्छ।
- सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित तथा निवृत्तिभरण पाईरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन् ।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो।

नेपाल सरकार

विज्ञापन बोर्ड

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# घरबहाल कर कस्ले तिर्ने हो ? घरवेटीले वा व्यवसायीले निश्चित गरौं

नेपालमा उदेक लाग्दा कस्ता कस्ता व्यवहार हुन्छन् । तपाई हामीले भोग्दै आएका छौ । अहिले पछिल्लो समय सरकारले जति पनि नागरिकहरु छन् । उनिहरुलाई करको दायरामा ल्याउन सवै क्षेत्रमा करको मापदण्ड बनाएको छ । त्यसैमध्य सवैभन्दा कन्फ्यूजन अर्थात झुक्याउने तरिका जो कसैले वडामा वा कर कार्यलयमा कुनै संस्था, फर्म दर्ता गर्न गयो भने सवैभन्दा अगाडी ति कार्यलयहरुले हेर्ने भनेको घरवहाल सम्झौता छकी छैन ? छ भने त्यो उसले घर बहाल तिर्ने एकबर्षको कुल रककमको १० प्रतिशतले हुन आउने कर फर्म, कम्पनी,संस्था दर्ता गर्न जानेलाई तिराउछ । यस्तो कर घरवेटीलाई लिने होकी व्यवसाय गर्नेलाई कर कार्यलय वा वडाले त फर्म दर्ता गर्न जाने जो हो उसैलाई तिराउने गर्छ । यो कतिसम्मको व्यवहारिक र न्योचित छ ।

अनि घरवेटीहरुले कर तिरेकै हुदैनन् त ? तिरेको भए रेकर्ड वडा कार्यलयहरुमा हुनुपर्ने हो । त्यही रेकर्डको आधारमा व्यवसायी गर्ने घरभाडामा बसेर व्यवसाय गर्ने व्यवसायीले सजिलै व्यवसाय गर्न पाउनुपर्ने हो र कर तिर्नु नपर्ने हो । तर नेपालको काठमाडौ लगायत शहरहरुमा त्यस्तो छैन । जसले व्यवसाय गर्ने गर्छ उसैले कर तिर्नुपर्छ र व्यवसाय गर्नुपर्छ । यस्ता अव्यवहारिक काम किन भइराखेको छ ।

अर्को कुनैवेला कर कार्यलयमा प्यान लियर राज्यलाई कर तिर्दै आएका व्यवसाय गर्दै आएका व्यवसायीहरुलाई कर कार्यलयमा अडिट रिर्पोट बुझाएर लागेको कर कर कार्यलयमा नै बुझाए पुग्थ्यो अहिले २०७४ देखि वडा कार्यलयमा व्यवसाय कर भनेर छुट्टै कर लिने गरेको छ । त्यसको प्रतिफल के ? सुविधा चै केही नदिने तर करको भार बढाउदै लैजाने एक ठाउँ दर्ता गरेको संस्थालाई कयौ ठाउँमा दर्ता गर्नुपर्ने जस्ता झन्झटहरु थोपरेर व्यवसायी गरेर खाने नेपालमा नै केही गर्छु भनेर बसेकाहरुलाई निरुत्साहित गर्ने गरी कतै यस्तो झन्झट व्यवस्था लागु गरेको त होइन ।

निर्वाध रुपमा जनतालाई सर्वसुलभ स्वतन्त्र र कतिपय नमिलेका यस्ता अप्ठ्यारा ठाउँहरुमा सरकारले नै सहजीकरण गर्ने र व्यवसाय सञ्चालन गर्ने व्याक्तिहरुलाई घरवेटीले तिरको घरवहाल करवाट नै हुनेगरी व्यवसाय सञ्चालन गर्न दिने वातावरण बनाउनुपर्छ । घर वहाल कर व्यवसाय गर्नेले होइन घर बहालमा लगाउनेले तिर्नुपर्छ । तव मात्र घर बहाल कर पनि व्यवहारिक हुन्छ भने समाजमा बढ्दै गएको धनि झन धनि र गरिव झन गरिव हुने र काम गर्ने गरेको गर्‍यै तर आम्दानी कहिल्यै बचतमा नजाने बसिखाने र ब्याजमा पैशा लगाउनेहरु झन झनै धनिमाथि धन थुप्रिदै जाने चलनले समाज असन्तुलन तर्फ गईराखेको छ । विश्वमा नै जाहा यस्ता असुन्तुलन जुन देशमा बढी हुन्छ त्यहा विद्रोह विग्रह हुन्छ भन्ने देखाएको छ ।

त्यसकारण नेपालले पनि अर्थतन्त्रमा बढ्दै गएको असन्तुलन र यस्ता समान्यभन्दा समान्य विषयमा सुधारका काम गर्दै गयो भने पनि यहा केही हदसम्म समस्याको सवाधान हुनसक्छ ।

यति सामान्य कामहरु पनि सुधार गर्न सकेन भने नेपालको अर्थतन्त्र सुधारिने कुरात परको नै हो देशले स्थाईत्व समेत नपाउन सक्छ । यता पर्टी सम्बन्धित निकायको ध्यान जानुपर्छ ।

# ओझेलमा परेका वैकल्पिक दल र तिनको भविष्य

**बालकृष्ण मैनाली**

पुराना दलहरुका अजिवोगरिब गाथाहरु चाहेर-नचाहेर जनजनले सुन्नसम्म सुनिसके, देखिसके, भोगिसके । पुराना दलहरुका मठाधीशहरु सत्तामा नपुगुन्जेल जनजनलाई यो वा त्यो नाउँमा भ्रम छर्न जति खप्पिस छन् अनि सत्तामा पुगिसकेपछि पनि आ-आफ्नो दुनो सोझ्याउन उत्तिकै खप्पिस छन् ।

यसपालिको निर्वाचनमा पनि जनजनलाई पुराना दलहरुले धेरै प्रतिशतसम्म भ्रम छर्न सफल भएका छन् भने भ्रमको खेतीबाट पुनः सत्ता पनि प्राप्ति गर्न सफल भएका छन् । सत्ता प्राप्तिपश्चात् सरकार टिकाउने र आफ्नो दुनो सोझ्याउने क्रममा मन्त्रालय थप्ने वा भएका मन्त्रालय टुक्रा पार्दै मन्त्री र उपप्रधानमन्त्रीको संख्यामा बढोत्तरी गर्ने कार्यको शुरुवात पनि गरिसकेका छन् । विशेष गरेर पुराना दलका राजनीतिक व्यवसायीहरुले यी र यस्ता कुराहरुको विरोध गर्नु वा डटेर मुकाबिला गरी सत्ता साझेदारीको लागि गलत नीति अख्तियार गरेर देशको स्रोत दोहन गर्ने कार्यलाई रोक्ने वा रोक्ने प्रयास गर्नु भनेको 'आकाशको फल आँखा तरी मर' भनेजस्तै भएकोमा जनजनलाई कुनै आश्चर्य छैन ।

तर नयाँ वैकल्पिक दलको रुपमा उदाएका दलले पनि त्यस किसिमको कार्यको विरोध नगरी आफ्नो समेत भाग लिन खोज्नु भनेकोचाहिँ जनताको मतमाथिको ठाडै अपमान हो भन्ने धारणा सार्वजनिक हुन थालेका छन् । यी र यस्ता विषयहरुमा कम्तीमा भर्खरै उदाएका भनिएका नयाँ दलले बेलैमा बुद्धि पुऱ्याएर सोच्नुपर्दछ ।

विश्वको राजनीतिक रंगमञ्चमा जस-जसले बहुदलीय व्यवस्थालाई अंगिकार गरेर अगाडि बढिरहेका छन् तिनीहरुमा आफ्नो देश र आफ्नो राजनीतिक सिद्धान्तका साथै व्यवहार अनुसार विभिन्न दलहरु एक हुनु, छुट्टिनु र चोइटिनुलाई अन्यथा मानिदैन । सत्तामा पहुँच पुऱ्याउनका लागि यी परिघटनाहरु सामान्य हुन्, तथापि त्यसरी छुट्टिन पुगेकाहरुले जोसँग एक भएको हो वा छुट्टिएको हो एक भएको वा छुट्टिएको औचित्य स्थापित गर्दै देशलाई सार्थक सम्बोधन गर्न सक्यो र जनजनले पाइरहेको स्वतन्त्रतामा कुनै धक्का पुगेन भने जनजनलाई विभिन्न दलहरु एक हुनु वा छुट्टिनुले खासै असर पार्दैन । हाम्रो देशको सम्बन्धमा यो र यस्ता घटनाक्रम बारम्बार भइरहे पनि पटकपटक जोडिने र छुट्टिने दलहरुले न त कहिल्यै छुट्टिन पुगेको कारण, न त एकता गर्नुपरेको कारणबारे सार्थक सम्बोधन गरे, न त जनताको चासोलाई सम्बोधन गरे । यसको पछिल्लो परिघटना पाँच दलीय गठबन्धनको चुनावी सरकार र चुनावपछि देखिएको सत्ता समिकरणले छ्याङ्ग पारिदिएका छन् । सजिलोको लागि लाजसरम पचाएरै भए पनि राजनीतिमा जे पनि सम्भव छ भन्दै आफू सत्तामा पुग्ने वैध/अवैध बाटोको खोजी गर्ने र प्राप्त भएपछि प्रयोग गर्ने गरिएको पछिल्लो दृष्टान्त वर्तमान सरकारको गठन हो । देशमा यस्ता विसंगतिहरुले प्रश्रय पाइरहेका वेला यता केही वर्षदेखि सुसंस्कृत राजनीति पस्किने उद्देश्य बोकेर केही दलहरुले आ-आफ्ना दृष्टिकोण, भनाइ र सिद्धान्तहरुलाई पस्किने काम नगरेका होइनन्, तथापि दूरदृष्टिपूर्ण खाका तयार गरी बृहत् योजना पस्किन नसकेको र समय अनुसार समस्या सम्बोधन गर्न नसकेको कारणले जनमत उनीहरुको पक्षमा आउन सकेन । कतिपय भर्खर-भर्खर दर्ता भएका दलहरुले सामान्य जग पनि हाल्न नपाउँदै जनजनको नजरबाट ओझेल हुन पुगे । पूर्वावस्थामा निकै चर्चा कमाएको वर्तमानमा जनताले पत्याउने आधार गुमाएको एउटा दल हो विवेकशील साझा । राम्रै चर्चा बटुलेको र स्थापित हुने अवस्थामा पुगेको विवेकशील साझा नामको राजनीतिक दललाई रछ्यानमै पुऱ्याउने आरोप लागेका दुई मुख्य पात्र हुन् रवीन्द्र मिश्र र मिलन पाण्डे । थुप्रैको आशा र भरोसामाथि यी दुईले कुठाराघात गरेको आरोप लगाउँछन् पीडितहरु । विगतको निर्वाचनहरु संघीय र स्थानीयमा विजयी हुन नसके पनि कम्तीमा शिर ठाडो राखेर जनजनमा भिज्न मत प्राप्त भएको थियो यो दललाई । प्रदेशसभामा दुईजना भए पनि प्रतिनिधित्व गर्थे यो दलबाट । विडम्बना नै भन्नुपर्दछ, पछिल्लो निर्वाचनमा यो दलबाट उम्मेदवार हुन चाहने मान्छे खोज्दा पनि भेटिएन । यसले के कुरा प्रमाणित गर्दछ भने, जहाँ आफूले बोलेका कुराहरुलाई यथार्थमा कार्यान्वयन गरिँदैन त्यहाँ संकट उत्पन्न हुन्छ । त्यति बेला नै अर्थात् शुरुवातीमै एक-आपसमा खर्रोटर्रो भनाइहरु सार्वजनिक हुनासाथ सजग र संयमित भएर अगाडि बढेको भए विवेकशील साझाको यो दुर्दिन देख्नुपर्ने थिएन । कम्तीमा महाधिवेशनमार्फत छिनोफानो गरी आ-आफ्नो बाटो लागेको भए त्यो उचाइमा पुगिसकेको दलको स्तर यति तल खस्किँदैनथ्यो । आफूले राखेका कुराहरु भविष्यमा हुने महाधिवेशनले पारित नगरेमा पनि स्वीकार्य हुने कुरा व्यक्त गरेर शुभेच्छुकलाई अलमल्याउने काम भयो तर महाधिवेशनको अनुहार कस्तो हुन्छ, कसैले देख्नै पाएनन् । सम्भवतः त्यही कुरा बुझेर डा. सूर्यराज आचार्यजस्ता व्यक्तिले बेलैमा विवेकशील साझा दललाई परित्याग गरिदिए ।भर्खरै सम्पन्न निर्वाचनले स्वार्थको लडाइँमा होमिएका तत्कालीन विवेकशील साझाका दुवै पात्रहरुलाई जनताले तिरस्कार गरिदिए, भलै एउटा पात्रको मत पहिलाको भन्दा बढी नै आए पनि अर्को पात्रको मतचाहिँ पहिलाको भन्दा आधी पनि आउन सकेन । दुवै पात्रहरु लज्जित त बनेबने, लज्जाबोधलाई जति ढाक्न खोजे पनि त्यसले सार्थकता पाउन सकेन । तर दुर्भाग्यचाहिँ त्यो दलमाथि आस्था र भरोसा राख्ने तर कुनै स्वार्थबाट अभिप्रेरित नभएका शुभेच्छुकहरुमा पुऱ्याएको चोटचाहिँ अझै बिर्सिन सकिएको छैन भन्छन् जानकारहरु ।

भर्खरै यो दलले बन्दीपुरे भेला सम्पन्न गरेको छ । भेलाले केही महत्वपूर्ण निर्णयहरु गरेका छन् । सार्वजनिक भएका निर्णयहरु स्वागतयोग्य पनि छन्, तथापि ती निर्णयहरुमा गम्भीर समीक्षा गरी थप कार्यक्रमसहित अगाडि बढ्न सक्छन् कि सक्दैनन्, यो दलको भविष्य त्यसैमा निर्भर गर्दछ । वास्तवमै त्यति बेला एक-अर्काले उठाएका विषयहरु खासै जटिल थिएनन् । मिलाएर जान सकिने थुप्रै पाटाहरु विद्यमान थिए तर त्यता त्यति बेलाका नेतृत्व सम्हालेकाहरुको ध्यान केन्द्रित नै हुन सकेन ।

यस अर्थमा पनि वर्तमान नेतृत्वले सार्वजनिक भैसकेको महाधिवेशनको मितिलाई कुनै पनि हालतमा पर सारिनुहुन्न, यदि कुनै पनि कारण देखाएर पुनः त्यसलाई परपर सार्ने कार्य भयो भने अविश्वासको संकटमाथि थप अविश्वास थपिन जान्छ । पुनः विवेकशील साझाप्रति जनताको आस्था बढाउने कार्य गर्ने हो र जनहितको कुरालाई सम्बोधन गर्ने गरी राजनीति गर्ने हो भने आफू सुध्रिएको हो भन्ने कुरा जनजनलाई विश्वास दिलाउनुको विकल्प छैन ।

अर्को ध्यान दिनुपर्ने पक्ष के हो भने, देशमा रहेका पुराना दलका खेलाडीहरुलाई पनि ध्यानमा राखेर अगाडि बढ्नुपर्ने हुन्छ । कुनै पनि नयाँ दलप्रति जनआस्था वृद्धि हुनासाथ त्यसलाई कसरी भताभुंग पार्ने भन्ने विषयमा पुराना दलहरुमा छलफल शुरु भैहाल्छ र अनेक जुक्ति लगाएर हुन्छ कि घुसपैठ गराएर हुन्छ, त्यहाँ विभाजनको रेखा कोर्ने भूमिकामा मान्छेहरु खटाइएको हुन्छ ।

विवेकशील साझा भताभुंग हुनमा यो कुराले पनि महत्वपूर्ण भूमिका खेलेको छ भन्ने शुभेच्छुकहरुको बुझाइ छ । छोटो अवधिमा स्थापित हुन पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीमा पनि पुराना दलहरुको चलखेलको प्रयास नभएको होइन, तथापि समयमै पहिचान गरेर त्यसलाई निस्तेज पार्न सफल भएकोले वर्तमान स्थितिसम्म आइपुग्न सफल भएको हो भन्नेमा विमति देखिँदैन । यसबाट पाठ अन्य साना दलगायत छोटो अवधिमा आफूलाई उठाएको राष्ट्रिय स्वतन्त्र पार्टीलगायत अन्य कमजोर दलहरुले सिक्नै पर्दछ । विशेष गरेर भर्खर छोटो अवधिमा सत्ता हिस्सेदारीमा सहभागी हुन पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीका बारे पनि केही टीकाटिप्पणी हुन थालेका छन् ।

टीकाटिप्पणी हुनु आफैँमा नराम्रो कुरा पटक्कै होइन । टीकाटिप्पणीले सम्बन्धित दल तथा त्यो दलका नेतृत्वलाई सुर्धान र सुध्रिन मद्दत गर्दछ । राष्ट्रिय स्वतन्त्र पार्टीकै कुरा गर्दा सकेसम्म सरकारमा नजाने र बाहिर बसेर खबरदारी गर्ने कुरा बताउँदै आएको दल त्यस्तो के अवस्था आइपुग्यो र सरकारमा प्रवेश गऱ्यो भन्ने कुरा जनजनमा उठ्न थालेको छ । त्यसबारे आजको मितिसम्म त्यो दलले सरकारमा जानुपरेको कारण स्पष्टरुपमा बताउन सकेको छैन । चर्चामा आए अनुसार ठूला दलहरुले स्वतन्त्ररुपमा काम गर्न दिने, कतै र कहीँ पनि हस्तक्षेप नगर्ने कुरामा सहमति भएर सरकारमा प्रवेश गरेको हो भने जनजनले धन्यवाद पक्कै दिनेछन् ।

त्यसको लागि सम्बन्धित सरोकार पक्षहरुबाट हस्ताक्षर गरिएको समझदारीपत्रको लिखित दस्तावेजलाई सार्वजनिक गर्न सक्नुपर्दछ । यदि लिखित समझदारी गरिएको छैन भने जनजनले अब यस्ता भूलभूलैया खाले कुराहरु पत्याउनेवाला छैनन् । किनकि लिखित नै समझदारी भए पनि समझादारी तोड्न लज्जाबोध नहुनेहरुले मौखिक समझदारी तोड्न तिनीहरुलाई कुनै आइतबार कुर्नुपर्दैन । यस मानेमा भर्खर उदीयमान भएर जनमतबाट सत्तामा पुगेको नयाँ दलले यी कुराहरुलाई मनन गर्न अनिवार्य छ र मौखिक समझदारीबाट मात्र अगाडि बढेर सरकारमा गएको हो भने त्यो समझदारीलाई लिखितमा परिणत गरी जनजनमा सार्वजनिक गर्न ढिलाई गरिनुहुन्न ।

त्यसो हुन सक्यो भने पूरै अवधि सरकार टिकेर निर्वाचन हुने भयो वा विगतजस्तै गुट, उपगुटलगायत विदेशी शक्तिहरुको इशारामा मध्यावधि निर्वाचन हुन पुग्यो भने पनि त्यो बेला मतदाताले पुनः मूल्यांकन गर्नेछन् अनि बहुमतका साथ सरकार चलाउन अनुमति पनि दिनेछन् भन्ने कुरालाई हृदयङ्गम गर्दै अगाडि बढ्दा नोक्सान हुँदैन ।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।) नेपाल समाचारपत्र

**विश्वको राजनीतिक रंगमञ्चमा जस-जसले बहुदलीय व्यवस्थालाई अंगिकार गरेर अगाडि बढिरहेका छन् तिनीहरुमा आफ्नो देश र आफ्नो राजनीतिक सिद्धान्तका साथै व्यवहार अनुसार विभिन्न दलहरु एक हुनु, छुट्टिनु र चोइटिनुलाई अन्यथा मानिदैन । सत्तामा पहुँच पुऱ्याउनका लागि यी परिघटनाहरु सामान्य हुन्, तथापि त्यसरी छुट्टिन पुगेकाहरुले जोसँग एक भएको हो वा छुट्टिएको हो एक भएको वा छुट्टिएको औचित्य स्थापित गर्दै देशलाई सार्थक सम्बोधन गर्न सक्यो र जनजनले पाइरहेको स्वतन्त्रतामा कुनै धक्का पुगेन भने जनजनलाई विभिन्न दलहरु एक हुनु वा छुट्टिनुले खासै असर पार्दैन । हाम्रो देशको सम्बन्धमा यो र यस्ता घटनाक्रम बारम्बार भइरहे पनि पटकपटक जोडिने र छुट्टिने दलहरुले न त कहिल्यै छुट्टिन पुगेको कारण, न त एकता गर्नुपरेको कारणबारे सार्थक सम्बोधन गरे, न त जनताको चासोलाई सम्बोधन गरे । यसको पछिल्लो परिघटना पाँच दलीय गठबन्धनको चुनावी सरकार र चुनावपछि देखिएको सत्ता समिकरणले छ्याङ्ग पारिदिएका छन् । सजिलोको लागि लाजसरम पचाएरै भए पनि राजनीतिमा जे पनि सम्भव छ भन्दै आफू सत्तामा पुग्ने वैध/अवैध बाटोको खोजी गर्ने र प्राप्त भएपछि प्रयोग गर्ने गरिएको पछिल्लो दृष्टान्त वर्तमान सरकारको गठन हो । देशमा यस्ता विसंगतिहरुले प्रश्रय पाइरहेका वेला यता केही वर्षदेखि सुसंस्कृत राजनीति पस्किने उद्देश्य बोकेर केही दलहरुले आ-आफ्ना दृष्टिकोण, भनाइ र सिद्धान्तहरुलाई पस्किने काम नगरेका होइनन्, तथापि दूरदृष्टिपूर्ण खाका तयार गरी बृहत् योजना पस्किन नसकेको र समय अनुसार समस्या सम्बोधन गर्न नसकेको कारणले जनमत उनीहरुको पक्षमा आउन सकेन ।**

# क्रिकेटर सन्दीप लामिछाने थुनामुक्त ?

काठमाडौ । बलात्कार मुद्दामा केन्द्रीय कारागारमा राखिएका क्रिकेटर सन्दीप लामिछाने सय दिनमा थुनामुक्त भएका छन । कठोर सर्त सहित अदालतले उनलाई धरौटीमा छाडेको होरु। बिहीबार उच्च अदालत पाटनले धरौटीमा छाड्ने आदेश दिएकोमा लामिछाने शुक्रबार २० लाख धरौटी बुझाएर रिहा भएका हुन । उनी जेलमुक्त हुँदा स्वागतका लागि समर्थक तथा आफन्तको जेल बाहिर भिड लागेको थियो । सन्दीप अदालतबाट जे आदेश आउँछ त्यसको सम्मान गरेर अघि बढ्नेछु । अहिले आफ्नो फेमिली परिवार बाहेक केही पनि सोच्न सक्दिनँरु। अपार मायाका लागि धेरै धन्यवाद । अदालतबाट जे फैसला आउँछ । त्यसलाई सम्मान गर्छुरु। अहिले धेरै प्रतिक्रिया दिन सक्ने हालतमा पनि छैन । छुटेपछि सन्दीपले अदालतबाट जे फैसला आउँछ । त्यसलाई आफूले सम्मान गर्ने प्रतिक्रिया दिएरु। 'अहिले आफ्नो फेमिली परिवार बाहेक केही पनि सोच्न सक्दिनँ अपार मायाका लागि धेरै धन्यवाद सञ्चार कर्मीसँग उनले भनेरुअदालतले सो घटनाबारे सार्वजनिक टिप्पणी गर्न रोक लगाएको छ ।

२० असोजमा विदेशबाट फर्कँदै गर्दा उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका थिएरु। ३० दिन प्रहरी हिरासतमा बिताएका सन्दीप १८ कात्तिकमा जेल चलान भएका थिएरु। जिल्ला अदालत काठमाडौंले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियोरु। उच्च अदालतले कडा सर्त राखेर धरौटीमा छाडेको होरु। केन्द्रीय कारागारमा उनले ७० दिन बिताए । धरौटीमा छुटे पनि जिल्ला अदालतबाट उनको मुद्दाको फैसला भएको छैन । फैसलाका लागि सबै प्रक्रिया भने पूरा भइसकेको छरु। विदेश जान रोक लगाउने मात्र होइन। काठमाडौं उपत्यका छाड्न पनि प्रहरीको अनुमति लिनुपर्ने

# गोकुलगंगा गाउँपालिकाले सार्वजानिक गऱ्यो चालु आर्थिक वर्षको अर्धवार्षिक प्रगति

रामेछाप । रामेछापको गोकुलगंगा गाउँपालिकाको १२ औं गाउँसभा (हिउँदे) अधिवेश बुधबार सम्पन्न भएको छ । गोकुलगंगा गाउँपालिकाका अध्यक्ष काजीबहादुर खड्काले गत आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन र चालु आर्थिक वर्ष २०७९/८० को हालसम्मको बजेट कार्यान्वयनको समिक्षा विवरण प्रस्तुत गरेका छन् । गाउँपालिकामा ६ महिनाको अबद्यिमा चालु र पँजीगत गरी ६० करोड ८७ लाख ६३ हजार २० रुपैयाँ खर्च भएको छ ।

सभामा उपाध्यक्ष उषादेवी कार्कीले गाउँपालिकाको विनियोजन ऐन २०७९ लाई संशोधन गर्ने सम्बन्धमा बनेको विद्येयक २०७९ को मस्यौदा सहित संशोधित कार्यक्रम प्रस्तुत गर्नुका साथै गाउँपालिकाको न्यायिक समितिमा आर्थिक वर्ष २०७९/८० मा सुचिकृत भएका मेलमिलाप कर्ताहरुको नामावली प्रस्तुत गरेकी हुन् । सभामा प्रमुख प्रशासकीय अधिकृत होमबहादुर थापाले पालिकाको जलस्रोत ऐन २०७७ लाई संशोधन गर्न बनेको विद्येयक २०७९ को मस्यौदा तथा खानेपानी सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्थापन गर्न बनेको विद्येयक २०७९ प्रस्तुत गरेका थिए । सभामा पालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतद्धारा प्रस्तुत कार्यक्रम तथा विद्येयकमाथि छलफल भई पारित भएको थियो ।

आर्थिक वर्षको अर्धवार्षिक प्रगति यस्तो छ विवरण ।

गत आ.व. २०७८/०७९ को अन्तिममा स्थानिय तह को दोश्रो निर्वाचन सम्पन्न भई हामी निर्वाचित भई आएकोले गत वर्ष पुरानै पदाधीकारीहरुले छनौट र संचालन गरेको बाँकी योजाना तथा कार्यक्रमहरुको स्थलगत अनुगमन गरी भूक्तानी दिने कार्य भएको र गत वर्ष गोकुलगंगा गाउँपालिकाको दैनिक प्रशासन संचालन र विकास कार्यमा चालु खर्च तर्फ कुल रु. २७ करोड ३३ लाख १५ हजार १ सय बहत्तर र पुँजीगत खर्च तर्फ कुल रु. ३३ करोड ५४ लाख ४८ हजार ६ सय ४८ गरी जम्मा रु. ६० करोड ८७ लाख ६३ हजार ८ सय २० खर्च भएको देखिन्छ ।

गाउँसभामा प्रस्तुत मन्तव्यको सार

उपस्थित महानुभावहरु,

अब म हामी निर्वाचित भई आए पश्चात भए गरेका मुख्य मुख्य कार्यहरु



र चालु आ.व. २०७९/०८० को हालसम्मको आय व्ययको विवरण यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

१. वर्षादको कारण विग्रीएका सडक पूर्वाधारहरुको मर्मत सम्भार कार्य दशै तिहार अगाडीनै सम्पन्न गरी सडक सचारु गरिएको छ ।

२. यस वर्ष गोकुलगंगा गाउँपालिकाबाट ठेक्का प्रकृयाद्धरा कार्यन्वयन हुने ११ वटा आयोजनाहरु मध्ये कार्यालयको लागि लिफ्ट सहितको ५ तले सुविधा सम्पन्न प्रशासकीय भवन रु. ९ करोड चौवन्न लाखको लागतमा निर्माण सम्पन्न गर्ने गरी कार्य प्रारम्भ भइ २० प्रतिशत भौतिक तथा वित्तिय प्रगती भएको छ । खानेपानी व्यवस्थापनका लागि एक घर एक धारा कार्यक्रम अर्न्तगत पाइप तथा फिटिङका सामाग्री खरीद कार्य, तारजाली खरिद कार्य, ज्यामकिरी विद्यालय भवन निर्माण कार्य, श्री मा.वि.फर्पु पहिरो नियन्त्रण कार्य, भीम आ।वि। घेराबार निर्माण कार्य, बुर्के टगम देउराली सडक स्तरोन्नती, भिमसेनथान ललीबुक लुते फर्पु वडा भवन सडक स्तरोन्नती, भिमसेनथान क्षेत्रीगाउँ धारापानी सडक स्तरोन्नती र भित्तरी, सिस्नेरी लिसेखोला सडक स्तरोन्नती समेत १० वटा आयोजनाहरुको ठेक्का व्यवस्थापन र ठेकेदार संग सम्झौता गरी निर्माण कार्य प्रारम्भ भईसकेको छ । साथै धौले चाके, कोश्याङखर्क, जटापोखरी पाँचपोखरी पर्यटकीय सडकको ड्रईङ, डिजाइन र स्टीमेट गरी बातावरणीय प्रभाव मुल्याङ्कन कार्य अन्तिम चरणमा पुगी ठेक्का व्यवस्थापनको तयारीमा रहेको छ ।

३. वडास्तरका विभिन्न संघ सस्था र उपभोक्ता समिति मार्फत संचालन गरिने कुल ३११ मध्ये २२९ वटा योजना तथा कार्यक्रमहरुको घुम्ती सेवा मार्फत सम्बन्धीत वडाहरुमा गई २०७९ चैत्र मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भई कार्य प्रारम्भ भएको छ ।

४. शिक्षा, स्वास्थ्य, कृषि, पशुपंक्षी तथा मत्स्य विकास, महिला बालबालिका तथा समाज कल्याण लगायतका विषयगत शाखाहरुको कार्यक्रमहरु कार्ययोजना बमोजिम संचालन भई रहेको छ ।

५. कार्यालयको दैनिक सेवा प्रवाह सेवाग्राहीमैत्री हुने गरी मातहतका वडा कार्यालय र स्वास्थ्य चौकीहरु समेतबाट चुस्त, दुरुस्त र पारदर्शी रुपमा गर्ने व्यवस्था मिलाइएको छ

६. दोश्रो त्रैमासिक अवधीको सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत वितरणका लागि रकम निकासा भई सकेको छ ।

७. उपरोक्तानुसार गोकुलगंगा गाउँपालिकाको दैनिक प्रशासन संचालन र विकास कार्यमा यस आ।व। २०७९र०८० मा देहाय बमोजिमको आयव्यय भएको देखिन्छ ।

चालु तर्फ ३३,८७,८०,००० ९प्रगति ३३.९८ प्रतिशत

पुजिँगत फर्त ३१,२१,६६,००० ९प्रगति ६.५९ प्रतिशत

उपस्थित महानुभावहरु,

शिक्षा क्षेत्रको विकास विना अन्य क्षेत्रको विकास नहुने तथ्यलाई मनन गरी गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष, प्रधानध्यापक लगायतका शिक्षक शिक्षिकाहरुको क्षमता अभिबृद्धीका लागि आश्यक तालिम र प्रशिक्षणको व्यवस्था, गाउँपालिका र प्र.अ. विच कार्य सम्पादन सम्झौता गरी न्युन शिक्षक दरबन्दी भएका विद्यालयहरुमा निजिश्रोतमा कार्यरत शिक्षकहरुको पारीश्रमिकको लागि कमश उचित बजेट व्यवस्थापन गर्न आवश्यक ठानेको छु ।

गाउँबासीहरुलाई सरल र सहज रुपमा स्वास्थ्य सुविधाका लागि गोकुलगंगा अस्पताललाई १५ सैयाको अस्पतालको रुपमा स्तरोन्नती गर्नका लागि स्वास्थ्य चौकी रस्नालुबाट हुदै आएको स्वास्थ्य सेवालाई निरन्तरता दिन वडा कार्यालय रस्नालुमा एक एक जना अहेव, अनमी र कार्यालय सहयोगीको व्यवस्था गरी स्वास्थ्य चौकी रस्नालुका अन्य स्वास्थ्यकर्मी, स्वास्थ्य सामाग्री लगायत सम्पुर्ण सामानहरु गोकुलगंगा अस्पतालमा मर्ज गरी सेवा प्रवाहको व्यवस्था मिलाउनका साथै सबै स्वास्थ्य चौकीहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा र निशुल्क रुपमा वितरण हुने औषधीहरु वितरणको व्यवस्था मिलाएको छ । अति विपन्न विरामीहरुको उपचारको लागि आश्यक सिफारिश र आर्थिक सहायताका साथै सत्केरीहरुलाई निशुल्क एम्बुलेन्सको सेवा मिलाएको छु ।

गत विगतमा यस गाउँ पालिकाबाट कृषि, पशु विकास र विभिन्न व्यवसाय संचालनका लागि अनुदान वितरण गरिएकोमा सोको प्रभावकारी रुपमा उपलब्धी हासिल भएको नपाईएकोले विगतमा अनुदान लिने संघ सस्था, समूह र व्यक्तीहरुको विवरण तयार गरी निजहरुले लगेको अनुदान उद्देश्य अनुरुप खर्च भए नभएको अवस्थाका साथै सोबाट भएको उपलब्धी समेतको स्थलगत अनुगमन प्रतिवेदन लिई सोही आधारमा निजहरुलाई पुरस्कार र दण्ड सजायको व्यवस्थाको साथै आगामी दिनमा अनुदानलाई प्रभावकारी रुपमा कार्यान्वियन गराउने तयारी गरेको छु ।

यस गाउँपालिका क्षेत्रका बैदेशिक रोजगारीबाट फर्केका युवा, अति विपन्न, दलित, सिमान्तकृत व्यक्तिहरुका साथै बेरोजगार युवा युवतीहरुको लगत संकलन गरी उनीहरुको भाषा धर्म, संस्कृति र पुख्यौली पेशाअनुसारको उद्यम व्यवसायको लागि सिप विकास तालिमको प्रबन्ध मिलाई गरीवी निवारण र आय आर्जनको लागि आगामी वर्षमा कार्यकम संचलन गर्ने व्यवस्था मिलाउने सोचमा छु ।

ठेक्का, उपभोक्ता समिति लगायत जुन सुकै विधिबाट गाउँपालिका मार्फत संचालन हुने आयोजना र कार्यक्रमहरुलाई कानुन सम्मत, विधि सम्मत रुपममा निश्पक्ष र पारदर्शी रुपमा संचालनको व्यवस्था मिलाउदै उक्त कार्यमा हुने सबै खाले अनियमितताको अन्त्य गर्ने प्रयत्न गरेको छु । यस्ता कार्यहरुमा यहाँहरुको साथ र सहयोगको अपेक्षा गर्दछु ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापभित्र सञ्चालित सबै क्रसर उद्योग बन्द

रामेछाप । रामेछाप जिल्लाभित्र अनुमति लिएर सञ्चालित सबै क्रसर उद्योग तत्कालका लागि बन्द गरिएको छ । गृह मन्त्रालयको निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय रामेछापले सबै क्रसर उद्योग बन्द गराएको हो । एक साता अघि बन्द गराएको क्रसर उद्योग एवं बालुवा प्रशोधन उद्योगको जिल्ला समन्वय समितिसहितको टोलीले अनुगमन गरेपछि मात्र सञ्चालन गर्न दिने वा बन्दलाई नै निरन्तरता दिने भन्ने टुंगो लाग्ने भएको छ ।

रामेछापका प्रमुख जिल्ला अधिकारी शोभाखर रेग्मीले गृह मन्त्रालयको निर्देशन अनुसार हाललाई क्रसर उद्योग बन्द गराइएको बताए । उनका अनुसार अनुमति लिएका उद्योगहरुको स्थलगत अनुगमन गरेर मापदण्ड पूरा गरेको अवस्थामा मात्र सञ्चालन गर्न दिइने बताए । मापदण्ड विपरीतका क्रसर उद्योग अब सञ्चालन हुँदैनन, रेग्मीले भने ।

रामेछाप जिल्लाभित्र विभिन्न ठाउँमा गरी हाल क्रसर र वालुवा प्रशोधन गरी २१ वटा उद्योग दर्ता गरिएको तथ्याङक रहेको छ । सदरमुकाम मन्थली, ठोसे र लुभुघाटमा रहेका उद्योग मात्र हाल सञ्चालनमा छन् ।

## खाँडादेवी गाउँपालिकाको हिउँदे गाउँसभा सम्पन्न

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिका १२ औं हिउँदे गाउँ सभा सम्पन्न भएको छ । शनिवार गाउँपालिकाको सभा हलमा चालु आर्थिक वर्षको १७ वटा प्रस्तावहरू माथि छलफल, आगामी आर्थिक वर्ष २०८०/०८१ मा बजेट माग गर्नका लागि प्रदेश सरकार र केन्द्र सरकारका लागि उल्लेखित योजनाहरू माग र तत्कालीन पालिकाको काम, कारबाहीका विषयमा छलफल तथा निर्णय गर्दै सभा सकिएको हो । बैठकले विभिन्न १७ बुँदे निर्णय पनि गरेको छ । गाउँ सभा पछि जारी गरिएको निर्णयमा पालिकाले वडा नं २ मझुवाको वडा कार्यालय स्थानान्तरण गर्ने भएको छ । हाल वडा नं २ को कार्यालय साबिक मझुवा गा.वि.स. वडा नं ५ कोलडाँडामा रहेको छ । तर, सो ठाउँ वडावासीको लागि अपायक परेको भन्दै सार्ने निर्णय गरेको हो । अब सो वडा कार्यालय साबिक मझुवा र कुरन्थली आस/पास स्थायी रूपले राख्ने निर्णय गरेको उल्लेख छ । त्यस्तै बैठकले सभा पश्चात् भए गरेका कार्यहरूको समीक्षा सन्तोषजनकको रहेको निर्णय गरेको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहबाट भए गरेका अनुगमनबाट प्राप्त सुझाव आत्मसात् गर्दै आवश्यकता अनुसार कार्य गर्ने निर्णय गर्दै यो पालिकाले कार्य सम्पादनलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन बढीमा (७) सात जना नगर प्रहरी नियुक्ति गर्ने निर्णय गरेको छ । रामेछापको खाँडादेवी गाउँपालिकाले कम्तीमा ५ वर्ष एउटै विद्यालयमा पढाएका शिक्षकहरूको सरुवा गर्ने भएको छ । शैक्षिक गुणस्तर सुधारका लागि भन्दै गाउँपालिकाका अन्य विद्यालयमा अनिवार्य सरुवा गर्नुका साथै शैक्षिक गुणस्तर सुधारको लागि आवश्यक रहेमा जुनसुकै बेला पनि सरुवा गर्न सक्ने निर्णय समेत शनिवार बसेको १२ औं गाउँ सभाले पारित गरेको हो । यो सँगै लामो समयदेखि एकै विद्यालयमा पढाउँदै आएका शिक्षकहरूको पालिकाले जुनसुकै बेला पालिकाभित्र जहाँ पनि पठाउन् सक्ने भएको छ । पालिकामा ९ वटा वडा रहेका छन् ।

## गुम्देलमा वडा स्तरीय भलिबल प्रतियोगिता

रामेछाप । रामेछापको गुम्देलमा सनसाइन युवा कल्बले आयोजना गरेको वडा स्तरीय भलिबल प्रतियोगितामा आयोजक टिम प्रथम भएको छ । साबिकको वडा नं ७ पत्करी स्थित कल्बले वडा कार्यालय गुम्देलको प्राङ्गणमा आयोजना गरेको तीन दिने प्रतियोगिता सम्पन्न गरेको हो । उसले प्रथम पुरस्कार नगद ५५ हजार ५ सय ५५ रुपैयाँ सहित ट्रफि, मेडल र प्रमाणपत्र आफैले राख्न सफल भएको छ । उमाकुण्ड गाउँपालिका भित्रका सात टिम सहभागी प्रतियोगितामा दोस्रो पनि वडा नं १ गुम्देलकै टिम भएको छ । सो टिमले द्वितीय पुरस्कार नगद ३३ हजार ३ सय ३३ रुपैयाँ ट्रफि, मेडल र प्रमाणपत्र हाँसिला गरेको छ । त्यस्तै वडा नं २ बाम्तीभण्डारले तृतीय पुरस्कार जितेको छ । उसले नगद २२ हजार २ सय २२ रुपैयाँको साथमा ट्रफि, मेडल र प्रमाणपत्र पालिएको छ । वडा नं १, २ र ३ का ७ टिम सहभागी प्रतियोगितामा सान्त्वना पनि वडा नं २ बाम्तीभण्डारकै रोशीको चुलेभिरपानी सामुदायिक बन उपभोक्ता समिति टिम भएको छ । उसले नगद ११ हजार १ सय ११ रुपैयाँको साथमा प्रमाणपत्र पाएको छ । विजयी टिमलाई गाउँपालिका अध्यक्ष शेरबहादुर सुनुवार र वडा अध्यक्ष ङातिण्डु शेर्पाले नगद, ट्रफि र प्रमाणपत्र प्रदान गरे । त्यस्तै खेलमा वेस्ट प्लेयर सनसाइनका भुजेल भएका छन् । उत्कृष्ट लिफ्टर रवि तामाङ भए । त्यस्तै 'बाइक सोलो रेस' मा वडा नं १ गुम्देलका डिम्तेण्डी शेर्पा प्रथम, सुजित खड्का, रुपेश लामिछाने वडा नं २ दोस्रो भएका छन् । उनीहरूले क्रमशः ५ हजार ३ हजार र १ हजार नगद पुरस्कार पाएका छन् । बाइक सोलो रेसमा १२ जनाले भाग लिएका थिए । 'एक्सपोलोरेसन' खेलमा (विविध खेल) खेलाइएको थियो । जसमा ६ जना सहभागी भएकोमा वडा नं १ का खेलाडी प्रथम, २ बाम्तीभण्डार दोस्रो र आयोजक वडा नं १ कै सनसाइन युवा क्लब तेस्रो भएको छ ।

## रामेछाप नगरपालिकाको १२ औँ हिउँदे अधिवेशन सम्पन्न

रामेछापको रामेछाप नगरपालिकाले अहिलेसम्म जम्मा १८.७८ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । नगरपालिकाले ६ महिनाको अवधिमा चालु खर्च तर्फ २०.०६ प्रतिशत,पूँजीगत खर्चतर्फ ७.७७ प्रतिशत र कुल बजेटको १८.७८ प्रतिशत रकम मात्रै खर्च गरेको हो । बुधबार नगरपालिकाको १२ औं नगर सभा (हिउँदे) अधिवेशनमा उक्त जानकारी दिएको हो । पत्रकार सम्मेलन मार्फत नगरपालिकाले दिएको जानकारी अनुसार नगरको समग्र चालु वर्षको लागी नगरपालिकाले चालुतर्फ ४६ करोड ९८ लाख २३ हजार ४ सय ४३ रुपैयाँ र पूँजीगत तर्फ ३१ करोड ७ लाख ६० हजार ५ सय ५६ रुपैयाँ गरी कुल ७८ करोड ५ लाख ८४ हजार बजेट स्वकृत भएकोमा चालु तर्फ हालसम्म १२ करोड २४ लाख ४९ हजार ३ सय ५२ रुपैयाँ खर्च भएको जनाएको छ । नगरपालिकाका प्रबक्ता एवं वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले पत्रकार सम्मेलनमा उक्त कुराको जानकारी गराउनुभयो । रामेछाप नगरपालिकाका नगर प्रमुख लबश्री न्यौपाने,उपप्रमुख बाल कुमारी कार्की र प्रमुख प्रशासकिय अधिकृत निरज पौडलले पत्रकारले सोधेका प्रश्नहरुको जवाफ दिएका थिए ।

# एनआई सी एशिया बैंकको २५ औं वार्षिक साधारण सभा सम्पन्न

काठमाडौ । एनआई सी एशिया बैंक लिमिटेडको २५ औं वार्षिक साधारणसभा मिति २०७९/०९/२९गते शुक्रबारका दिन काठमाडौंको तिलगंगा स्थित होटल आनन्द प्रा.लि. (आरोग्यहल) मा सम्पन्न भएको छ । बैंकको वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात, नाफा-




नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक विवरणहरू उपर छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन थप गर्ने प्रस्ताव पारित गरेको छ । सो सभाले मिति २०७९/०७/०२ मा सम्पन्न सञ्चालक समितिको ५७१ औं बैठकको निर्णयानुसार सर्वसाधारण शेयरधनी समूहको तर्फबाट सञ्चालकमा वसौटी-६, कैलाली स्थायी ठेगाना भई हाल शान्तिनगर-३१, काठमाडौं निवासी केशव प्रसाद लम्साललाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गरेको बैकले उल्लेख गरेको छ । एनआई सी एशिया बैंक नेपालमा सबैभन्दा धेरै बैकिङ सञ्जाल विस्तार गरेको बैंक हो । यस बैंकले मुलुकभर ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०५ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहितशाखा सञ्जाल विस्तार गरेको बैकले जानकारी दिदै आएको छ । देशको कुल जनसंख्या मध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूह सम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन बैंक सफल भएको उल्लेख छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैकिङगको अभ्यास गर्दै स्थापना कालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. १९ अर्ब ९२ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ४१ करोडभन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरू मध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको उल्लेख छ । देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको बैकले उल्लेख गरेको हो । वित्तीय समावेशी करणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक,वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको बैकका सूचना अधिकारी सुधिरनाथ पण्डेले हस्ताक्षर गरेको बिज्ञप्तिमा उल्लेख छ ।

# नबिल बैंकको ३८ औं वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं । नबिल बैंक लिमिटेडको ३८ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । शुक्रबार बैंकका अध्यक्ष उपेन्द्र प्रसाद पौड्यालको अध्यक्षतामा सम्पन्न साधरण सभाले आफ्ना शेयरधनीलाई कुल ३० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । सभाले बैंकको सञ्चालक समितिले सिफारिस गरेअनुसार र नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार आ.व. २०७८/७९ सम्मको सञ्चित मुनाफा तथा अन्य वितरण योग्य कोषबाट शेयरधनीलाई १८.५ प्रतिशत बोनस शेयर र ११.५ प्रतिशत नगद लाभांश वितरण गर्ने भएको हो ।

३८ वर्ष देखि गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आइरहेको नबिल बैंकले यस वर्ष पनि 'क'वर्गको बैंकहरु मध्ये उच्चतम लाभांश दिँदै नेपालको अग्रणी




वाणिज्य बैंकको पहिचानलाई निरन्तरता दिन सफल भएको बैकले उल्लेख गरेको छ । साधरणसभाले संस्थापक शेयरधनी समूहतर्फका ३ पदको लागि भएको निर्वाचनमा निर्वाण चौधरी, मलय मुखर्जी र ए.आर.एम. नजमुस शकिबलाई सञ्चालकमा निर्वाचित गरेको बैकाले जारी गरेको सार्वजानिक नोटमा उल्लेख छ । नबिल बैंक आ.व. २०७८/७९ मानिजी क्षेत्रका बैंकहरु मध्ये उच्चतम मुनाफारु. ४ अर्ब २५ करोड ६० लाख रुपैयाँ हासिल गर्न सफल भएको बैंक हो । समीक्षा वर्षको मुनाफाबाट प्रस्तावित बोनस शेयर पश्चात बैंकको चुक्तापूँजी यस वर्ष रु.२७ अर्ब नाघेको छ । नबिल बैंकले नेपालको बैंकिङ क्षेत्रलाई आधुनिकीकरण गर्न, देशको व्यावसायिक एवं औद्योगिक गतिविधिहरूलाई गतिशीलता प्रदान गर्न, रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोगीको भूमिका निर्वाह गर्न सफल भएको सभाका अध्यक्ष पौड्यालले बताए । उनले बैंकको संस्थागत सुशासन र ग्राहक सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखेर काम गरेको बताउँदै आगामी दिनमा निरन्तरता दिने प्रतिवद्धता गरे । बैंकले स्थापना कालदेखि हालसम्मरु. १९ अर्ब भन्दा बढी रकम करको रूपमा देशको राजश्वमा योगदान गरिसकेको बैकाको भनाई छ । नबिल बैंकले २४० वटा शाखाहरू, २७५ वटा एटिएम र ८ वटा रेमिट एजेन्टहरूका साथमा देशव्यापी रूपमा र विश्वभर धेरै एजेन्टहरू मार्फत सेवा प्रदान गरेर आफ्ना सबै सरोकार वालाहरूसँगै अघि बढ्ने विश्वास राखेको बैकको भनाई छ । बैंकको साधारण सभा समयमै सम्पन्न गर्न सहयोगी भूमिका खेल्ने शेयरधनी तथा सम्वद्ध सबै निकायहरू प्रति सभाबाट आभार प्रकट गरिएको थियो ।

# महालक्ष्मी विकास बैंकको एजीएमबाट १०.४७ प्रतिशतको लाभांश पारित

महालक्ष्मी विकास बैंक लिमिटेडको २१ औं वार्षिक साधारणसभाबाट आर्थिक वर्ष २०७८-७० का लागि प्रस्तावित लाभांश अनुमोदन भएको छ । काठमाण्डौको लैनचौरस्थित लैनचौर ब्यांक्वेटमा बैंक सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा वाषिृक साधारणसभा सम्पन्न भएको हो । सभाले गत आर्थिक वर्षको सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गरिएको छ । बैंकको लेखापरीक्षकको प्रतिवेदनसहित २०७९ आषाढ मसान्तको वासलात, उक्त आर्थिक वर्षको नाफा-नोक्सानीको हिसाब तथा नगद प्रवाह




विवरणलगायतका एकीकृत वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गरेको छ ।

सभाले सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम गत आर्थिक वर्षको सञ्चित मुनाफा रकमबाट सेयरधनीहरुलाई हाल कायम रहेको चुक्तापुँजीको ४ प्रतिशतका दरले बोनस सेयर र ६.४७ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने करसहित) गरी कुल १०.४७ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ । सभाले विदेशी बैंक तथा वित्तीय संस्थालाई रणनीतिक साझेदार/लगानीकर्ताका रुपमा भित्र्याउने प्रस्ताव पारित गरेको छ ।

सभाले चालु आर्थिक वर्ष २०७९-८० मा बैंकको लेखापरीक्षण गर्न जेबी राजभण्डारी एन्ड डिविन्स चाटर्ड अकाउन्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गरेको छ । यसका साथै सभाले बैंकको प्रबन्धपत्र र नियमावलीका दफा तथा नियममा संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको छ । सभाका अध्यक्ष उपाध्यायले सेयरधनीबाट प्राप्त सल्लाह-सुझावलाई शिरोधार्य गर्दै बैंकले ग्राहकको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न बैंकका क्रियाकलापहरुलाई विशिष्टीकरण गर्दै अझ बढी सक्षमताका साथ गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने प्रण गरे । उनले आगामी दिनमा थप प्रगति हासिल गर्न जस्तोसुकै प्रतिकूल परिस्थितिको पनि सामना गर्न सक्ने तयारी गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे । सेयरधनी तथा बैंकसँग सम्बन्धित सम्पूर्ण सरोकार पक्षहरुले पुर्याएको सहयोगका लागि धन्यवाद दिँदै उनले यस्तै सहयोग तथा सदासयता निरन्तर प्राप्त हुने आशा प्रकट गरे । 'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै बैंकले नेपाली जनताको घरदैलोमा २८ वर्षदेखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

# बैंकको ६३ औं वार्षिक साधारण सभा १२ प्रतिशत लाभांश पारित गर्दै सम्पन्न

नेपाल बैंक लिमिटेडको ६३ औं वार्षिक साधारण सभा बैंकको आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७८/७९ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु पारित गर्दै सम्पन्न भएको छ । प्रधान कार्यालय, धर्मपथ, काठमाडौंको प्राङ्गणमा सञ्चालक समितिको




अध्यक्ष गंगाप्रसाद ज्ञवालीको सभापतित्वमा आयोजना भएको बैंक सभाले हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१.३० को २ (दुई) प्रतिशतका दरले हुन आउने रु.२८,८१,१८,०९६.६३ (अक्षेरुपी अट्ठाईस करोड एकासी लाख अठार हजार छयानब्बे र त्रिसट्ठी पैसा मात्र) रकम बराबरको बोनस शेयर र चुक्ता पूँजीको १० (दश) प्रतिशतका दरले हुन आउने रु.१,४४,०५,९०,४८३.१३ (अक्षेरुपी एक अर्ब चौवालिस करोड पाँच लाख नब्बे हजार चार सय त्रियासी र तेह्र पैसा मात्र) रकम बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ । साथै, बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,६९,४०,२२,९२७.९० (अक्षेरुपी चौध अर्ब उनन्सत्तरी करोड चालिस लाख बाईस हजार नौ सय सत्ताईस र नब्बे पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ । यस्तै, कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० का लागि चार्टर्ड एकाउण्टेण्ट त्रय नरेन्द्र भट्टराई, जगन्नाथ उपाध्याय र सुनिर कुमार ढुंगेललाई लेखापरीक्षकमा नियुक्त गर्ने लगायत साधारण सभामा पेश भएका अन्य प्रस्तावहरु समेत सर्वसम्मतरुपमा पारित गरेको छ ।

## अर्थ संसार

# मञ्जुश्री फाईनान्स लिमिटेडको १५ औं वार्षिक साधारण सभा सम्पन्न

काठमाडौ । मञ्जुश्री फाईनान्स लिमिटेडको पन्ध्रौं वार्षिक साधारणसभा मिति २०७९ पौष २९ गते थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँ बानेश्वरमा




सम्पन्न भएको छ । साधारणसभाद्वारा आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात एवं आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गरेको फाईनान्सले उल्लेख गरेको छ ।

केन्द्रिय कार्यालय सहित २७ शाखाहरु रहेको यस फाइनान्सको २०७९ साल मंङ्गसिर मसान्त सम्म रु. १ अर्ब ३५ करोड चुक्ता पुँजी एवं रु ५० करोड डिवेन्चर जारी गरेको राष्ट्रिय स्तरको फाईनान्सले रु १२.४६ अर्ब निक्षेप संकलन गरि रु ११.५० अर्ब कर्जा परिचालन गरेको पनि कार्यक्रममा जानकारी दिइएको थियो । फाईनान्सले विप्रेशण, मोवाइल बैकिंग, अनलाईन खाता र ब्ः सेवा लगायत सरल कर्जा र निक्षेपमा आकर्षक ब्याजदरको सुविधा दिंदै आएको फाईनान्सले जानकारी दिएको छ ।

# कुमारी बैंक र स्पार्क हेल्थ होमबीच सम्झौता

आफ्ना ग्राहकहरुलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उद्देश्यले कुमारी बैंक लिमिटेड र स्पार्क हेल्थ होम प्राइभेट लिमिटेडबीच सम्झौता भएको छ। सो सम्झौता पत्रमा कुमारी बैंकका डिजिटल मार्केटिंग प्रमुख अर्पण पौडेल तथा स्पार्क हेल्थ होम प्राइभेट लिमिटेडका प्रबन्ध




निर्देशक हरी शरण रिजालले हस्ताक्षर गर्नुभयो । यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरुले स्पार्क हेल्थ होम प्राइभेट लिमिटेडबाट सेवा लिए वापत कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट-क्रेडिट कार्ड वा मोबाइल बैंकिंगबाट गर्दा उपचार खर्च तथा औषधि सेवाहरूमा १० प्रतिशत सम्म आकर्षक छुट प्राप्त गर्न सक्नेछन् । आगामी दिनहरुमा पनि कुमारी बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई गुणस्तरीय सेवाहरूमा सहुलियत दिन तथा डिजिटल कारोबारमा उत्प्रेरित गर्न आकर्षक योजनाहरु ल्याईरहने छ । आफ्ना देशव्यापी २९९ शाखा सञ्जाल, ३४५ एटिएम, ६२ शाखारहित बैंकिङ्ग ईकाई तथा ४२ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक सेवासुविधाहरु प्रदान गर्दै आएको कुमारी बैंकले आगामी दिनहरुमा अझ सुरक्षित, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लग्ने प्रतिबद्धता जनाएको छ ।

# सिटिजन्स बैंकको एपमार्फत मुद्दति खाता खोल्ने सुविधा


सिटिजन्स बैंक इन्टरनेसनलले एपबाट सिधै मुद्दति निक्षेप खाता खोल्ने नयाँ सुविधा ल्याएको छ । ग्राहकले बैंकको एप प्रयोग गरेर विभिन्न मुद्दति निक्षेप योजना, अवधि र इच्छित रकम चयन गर्न सक्नेछन् ।




फिक्स्ड डिपोजिट रकमको न्यूनतम सीमा दश हजारदेखि पााच लाख रुपैयाँसम्म तोकिएको बैंकले जनाएको छ । त्यसैगरी, सिटिजन्स स्मार्ट एपबाट मुद्दति निक्षेप अनुरोध सुविधा पनि ल्याएको बैंकले मुद्दति निक्षेप खाता भएका ग्राहकले मुद्दति निक्षेप रकमको ९० प्रतिशतसम्म ऋणको लागि अनुरोध गर्न सक्नेछन् । यसबाहेक बैंकको कर्पोरेट कार्यालयमा रहेको कियोस्कसेल्फ(सर्भिस प्रणालीबाट मुद्दति निक्षेप खोल्ने सुविधा पनि ल्याएको बताएको छ ।

सिटिजन्स स्मार्ट एपमार्फत बैंकका सबै शाखाबाट डिजिटल काउन्टरमार्फत नगद झिक्ने, बैंकका सबै एटीएमबाट कार्डलेस सर्भिस, ई-नगद र इ-भाउचर जस्ता सुविधाहरु उपलब्ध रहेका छन् । त्यस्तै, डेबिट कार्ड रिक्वेस्ट, ब्लक, रिफ्रेस पिन, रि-पिन, मेरोसेयर रिक्वेस्ट र क्यूआर मर्चेन्ट रिक्वेस्ट जस्ता ग्राहक सेवासँग सम्बन्धित सेवाहरू पनि उपलब्ध गराउँदै आएको छ ।

# सामाजिक सञ्जालको प्रयोग



भोजराज पाण्डेय

घटना नम्बर १

२०७९ सालको जेष्ठ महिनामा तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वार्ड नं ५ बस्ने कक्षा ९ मा पढ्दै गरेका एक १५ बर्षीया बालकले आफ्नै माइजु नाता पर्ने एक जना महिलाको पुरानो फेसबुक आइडीको पासवर्ड ह्याक गरि प्रयोग गरि पब्जी खेल्दै आएकोमा एक दिन पब्जी खेल हारेको कारण रिस उठी मेसेज ग्रुपमा अश्लील शब्दहरु लेखि पोष्ट गरेकोमा महिलाका आफन्तहरु बाट किन त्यस्तो गरेको भनि निज महिलालाई सोधखोज हुँदा महिलाले सो अकाउन्ट आफूले प्रयोग नगरेको र को कसले प्रयोग गरि यस्तो नचाहिने काम गरेको भनि भक्कानिदै प्रहरी कार्यालयमा राति ११ बजे आई मौखिक निबेदन गरेकोमा तत्काल प्रहरी सक्रियताको कारण सो तथ्य बाहिर आएको र बालकले अन्य साथिहरुको बहकाउमा आएर सो कार्य गरेको भन्ने यथार्थ पत्ता लागेको थियो ।

घटना नम्बर २

२०७९ सालको भाद्र महिनामा नवलपरासी जिल्लाको सुनवल नगरपालिकामा घर भएका एक अधबैशेको मोबाइलमा एकाबिहानै फोन आयो एउटा सेभ नभएको नम्बरबाट । तर, ती अधबैशे घरमा नभएको कारण सो फोन निजको सानो छोराले उठाए । उताबाट बाबा हुनुहुन्न रु भनेर सोधेपछि बाबा काममा बाहिर हुनुहुन्छ बालकले सहज उत्तर दिए । उताबाट बाबु मेसेजमा हेर त बाबालाई एउटा कोड पठाएको छु, त्यसको नम्बर भन त भनेपछि भर्खर बोर्डिङ स्कूलमा पढ्दै गरेका बालकले मेसेजमा आएको इसेवाको कोड नम्बर सहज तरिकाले बताइ दिए । उताबाट बालकको बाबाले प्रयोग गर्ने मोबाइल नम्बरबाट इसेवा एकाउन्ट खोली निजले अन्य मानिसहरुको एकाउन्ट ह्याक गरि सो ईसेवा नम्बरमा रकम जम्मा गर्न लगाई रकम निकाल्ने गरेको भन्ने कुरा पछि मोबाइल प्रयोगकर्ताले जिल्ला प्रहरी कार्यालयमा निबेदन उजुरी गरेपछि घटनाको उजागर भएको थियो ।

घटना नम्बर ३

२०७९ सालकै मंसिर महिनामा नवलपरासी जिल्लाकै पाल्हिनन्दन गाउँपालिकाका एक युबकले निजले चलाउने गरेको ह्वाट्सएपमा २५ लाखको लट्री परेकोले सो रकम पठाउनको लागि बैक एकाउन्ट नम्बर पठाउनुहोस भनि एकाउन्ट माग गरेकोमा निज युवकले सो कुरा बिश्वासमा परि आफ्नो बैक अकाउन्ट नभएकोले पठाउन नसक्ने जानकारी गराए पश्चात उताबाट नागरिकताको फोटोकपी र पासपोर्ट साइजको फोटो भए पनि पठाउन भनेकोले युबकले नागरिकताको कपी र फोटो पठाइदिएकोमा त्यसको केहि समयमा नै निजले प्रयोग गर्ने फेसबुक, भाइवर र इमो लगायतका सबै सामाजिक सञ्जालका एकाउन्ट ह्याक भएकोले निजलाई कार्बाही गरिपाउँ भनि निबेदन दिएको हुँदा सो तथ्य बाहिर आएको हो । सामाजिक सञ्जालसंग सम्बन्धित माथि उल्लेखित घटनाहरु त केवल प्रतिनिधि घटना मात्र हुन ।

सामाजिक सञ्जालको सहि तरिकाले प्रयोग गर्न नजान्दा यस्ता घटनाहरु दिनानुदिन बढ्दै गैरहेका छन । सामाजिक सञ्जालमा सामान्य चिनजान भएकै कारणले सम्बन्ध स्थापित गर्दा आज धेरै महिला तथा पुरुषहरु पीडित बन्नु परेको अवस्था छ भने, त्यस मध्ये पनि केहिले त मृत्यु बरणसम्म गर्नु परेको तथ्यले बताउँछ ।

बिश्व परिबेशको अहिलेको युग भनेकै सञ्चारको युग हो ।बर्तमान युगलाई प्रबिधिको बरदानको युग भन्दा खासै फरक नपर्ला । सुचना र सञ्चार प्रविधिको द्रुततर विकासको फलस्वरुप आज विश्व एउटा सानो परिवारमा परिणत भएको छ । सुचना सञ्चार प्रविधिमा भएका महत्वपूर्ण उपलब्धी भनेको विश्वका विभिन्न स्थानमा इन्टरनेटको सहज पहुँच पुग्नु हो । भौगोलिक दुरी जति टाढा भएता पनि इन्टरनेटको विकासका कारण विश्वको कुनै पनि स्थानको बारेमा आवश्यक सुचना आफ्नो कम्प्यूटर तथा अन्य बिद्युतीय उपकरणहरुमा प्राप्त गर्न सकिन्छ । जसले गर्दा मानिसको दैनिन्दिनी सहज हुनुका साथै परिवारको सामिप्यतालाई पनि छोट्याई दिएको छ ।

प्रबिधीको बिकासले गर्दा आजको दुधे वालकको लागि आफ्नो आमाको अमृततुल्य दुध भन्दा पनि कसैको फोन आउँदा बिभिन्न थरी आवाज निकालेर बज्ने मोबाइल अत्यन्त प्यारो खेलौना बन्न पुगेको छ । उ त्यस प्रति यतिबिध्न मोहित भईदिन्छ कि मानौ अब यो संसारमा मोबाईल बाहेक अर्को कुनै प्यारो बस्तु नै छैन । पहिले पहिले बालक रुंदा पुलिस बोलाई दिँउ, अब पुलिसले लगेर रुने मानिसलाई थुन्छ भने पछि त्यसको अर्थ बुझ्केर वा नबुझ्केरै पनि ऊ कनिकुथी चुप लाग्ने बालबालिकाहरु आज उसलाई फुल्याउने मोबाइल र त्यसमा आउने थरिथरिका गेमहरु नै सर्वप्रिय बनेका छन् ।

काँधमा झोला बोकेर स्कुल जाँदे गर्दा झोलामा किताबको भारीसहित बिद्यालय पुगे पनि बालक बालिकाको आधा आधी ध्यान आमा, बुवा वा दाजुको मोबाईलमा नै हुन्छ । बिद्यालयमा पनि अध्ययन तथा गृहकार्यको बारेमा भन्दा पनि आजकल नयाँनयाँ आबिष्कार भएका अनलाइन गेमको बारेमा बढी चर्चा हुने गर्दछ । बिद्यालयबाट घरमा पुग्दै गर्दा उसको पहिलो कार्य गृहकार्य हुनु पर्ने हो तर, त्यसमा उसको खासै ध्यान हुँदैन र मोबाईलमा पहिल्यै डाउनलोड गरी राखिएको गेम खेल्नु वा हतार हतार नेट अन गरि कुनै नयाँ गेम डाउनलोड गरी एक चरण त्यसमा लिप्त भईहाल्नु हुन्छ । उसलाई विद्यालयले घरको लागि दिएको गृहकार्य अचेल उति प्राथामिकतामा पर्दैन किनभने त्यो पनि पहिल्यै बिद्यालयमा साथीहरु बीचमा छलफल भई एक जनाले होमओर्क गर्ने र त्यसलाई मेसेन्जरमा सबै साथीहरुलाई पठाइदिने र त्यही होमओर्क सारेर दुरुस्त बिद्यालयमा जाने ।

समयको व्यतित संगै उ कुनै सरकारी, संघ, संस्था वा अन्य कतै रोजगारीको लागी छनोट भई कुनै पदमा नियुक्ति लिई काममा दत्तचित्त हुनु पर्ने अवस्थामा अव उसको सबै भन्दा प्यारो आफ्नो काम हुनु पर्ने हो, जिम्मेवारी तथा कर्तव्य हुनु पर्ने हो, तर त्यो हुँदैन र पलपल गोजीमा वा टेवलमा रहेको मोवाईलमा उसको ध्यान हुन्छ र छिनछिनमा आवाज दिएर आउने म्यासेजले उसको धेरैजसो ध्यान आकृष्ट गरेको हुन्छ । सेवाग्राहीको सेवा भन्दा उसको प्राथमिकता केवल मोबाईल र त्यसमा जडित ईन्टरनेटको माध्यमबाट अनुमानित रुपमा आउन सक्ने बिबिध खालका प्रसंशा वा कमेन्टमा उसको ध्यान रुमल्लिरहेको हुन्छ ।

अब नेपालमा सार्वजनिक जीवनयापन गर्नेहरुको सन्दर्भमा पनि सोही अबस्था छ । सार्वजनिक कार्यक्रमहरुमा बिकसित देशका राष्ट्रध्यक्ष तथा नेताहरुमा मोवाईल प्रति कुनै लगाव, मोह र आकर्षण कतै पनि देखिदैन तर हाम्रो देशको सन्दर्भमा कुरा गर्ने हो भने अवस्था धेरै फरक छ । कुनै सार्वजनिक कार्यक्रममा चाहे उच्च सार्वजनिक व्यक्तित्वहरुको उपस्थिति किन नहोस प्रायस् जसोको व्यस्थता मोबाईलमा नै हुन्छ । सेल्फीमा फोटो लिने वा मोवाईलमा व्यस्त भईरहने दिनचर्या पनि उत्तिकै नै देख्न पाईन्छ ।

बैदेशिक रोजगारको शिलशिलामा महिला पुरुष गरी अनुमानित आंकडा प्रस्तुत गर्ने हो भने करिब एक चौथाई जनसंख्या मलेसिया, कतार, दुवई, अमेरिका, अष्ट्रेलिया लगायतका मुलुकहरुमा रोजगारीको लागि बिदेशमा छन् । गाँउ घर शुन्य छ । ६० नाघेका बुढाबुढी नै नेपालको गाँउ बस्तीको प्रर्याय बनेका छन् । मानौ बृद्धबृद्धाको दायित्व भग्नाबशेष हुँदै गरेको गाउँको घर कुर्नु हो । बिदेशमा रहेका छोराका श्रीमती काखमा छोरा छोरी बोकेर उचित र राम्रो शिक्षा दिलाउने नाममा घरमा उठ्न पनि नसक्ने अबस्थामा रहेका सासू ससूरालाई चटक्कै छोडेर ठुला शहर झरेका छन । शहर झरेपछि उनीहरुको ब्यस्तता सामाजिक सञ्जालमा रहेको कारण न त छोराछोरीले राम्रो पढ्न सकेका छन रु न त आफ्नो दायित्व नै निर्वाह गर्न सकेका छन ।

यदि सुचना र संवादको कुरा गर्ने हो भने मोबाईल र ईन्टरनेट प्रबिधि अहिलेको युगमा सबै भन्दा महत्वपुर्ण निदान हो । चाहे कुनै खबर थाहा पाउन होस् वा सुचना वा मनोरञ्जन तथा बिल पेमेन्ट गर्ने कार्य नै किन नहोस् यो अत्यन्त सहज प्रबिधिको रुपमा रहेको छ । अब नेपाली समाज यो प्रबिधिलाई प्ररित्याग गरेर पुरानै चिठिपत्रको युगमा फर्कने अवस्था छैन । मानिसको सार्वजनिक जिवनमा सुचना र संचार महत्वपुर्ण पाटाहरु हुन् । आज मानिस अनलाईन सुचनामा यति अभ्यस्त भईसकेको छ की अब कुनै पत्रिका पसलमा गएर पत्रिका खरिद गरि पढ्ने बानी उसको परिवर्तन भई सकेको छ । बिद्युत, खानेपानी वा बिद्यालयको बिल तिर्न उ अब सम्बन्धित स्थानहरुमा धाउन पनि छोडी सकेको छ । ईसेवा लगायतको बिभिन्न बैकिङ्ग प्रणालीको प्रयोग गरी घरमै बसिबसि उक्त कार्य निपटरा हुने गरेको छ ।

प्रबिधिलाई आत्मसाथ गर्दा काममा चुस्तता र पारर्दशिता पनि आएको छ । सेवाप्रबाहमा ढिलासुस्ती गर्ने कार्यमा कमी आउनुका साथै गुण्डागर्दी लगायतका सामाजिक अपराधहरुमा कमी ल्याएको छ । ई टेन्डरको सुरुवात भए देखि गुण्डा परिचालन गरेर ठेक्का पट्टा कब्जा गर्ने कार्य बन्द भएको छ भने त्यस्ता गतिबिधिहरुमा संलग्न संधिग्धहरुलाई कानूनी दायरामा ल्याउन अत्यन्त सहज माध्यम बनेको छ । जनताले राज्य तथा राज्य सम्बद्ध सेवाप्रदायक निकायहरुबाट भए गरेका सकारात्मक तथा नकारात्मक दुबै कार्य अत्यन्त छिटो र सहज तरिकाले सुचनाको रुपमा देख्न र सुन्न तथा त्यसको आधारमा मुल्यांकन पनि गर्न पाएका छन् ।

यो आफैमा अत्यन्त सकारात्मक पनि हो । तर यसको अर्को पाटो अलि दर्दनाक छ । नेपाली संस्कृती, परम्परा, पारिवारिक वातावरण, मान मर्यादा र एक आपसी सम्बन्ध लगायतका समाजिक मान्यताहरुमा बिचलन आएको छ । मोबाइलको प्रयोग अत्यधिक रुपमा हुन थाले देखि एकाघरका पारिवारिक सदस्यहरु बिचमा दोहोरो सम्वाद तथा भेटघाट कमै हुने गरेको छ । प्रबिधिको व्यस्तताले गर्दा श्रीमान, श्रीमती र छोराछोरी बिचमा समेत सम्वादहिनता र जिम्मेवारी, अनुगमन तथा कर्तव्यमा समेत सुस्तता आएको छ ।

उपल्लो तल्लामा रहेकी छोरीलाई तल्लो तलाको भान्सा कोठामा खान खान बोलाउदा आमाले या त मेसेन्जरको प्रयोग गर्छिन या भाइवरको । आमालाई तेश्रो तलामा रहेकी छोरीले पढेकी छन वा सामाजिक सञ्जालको गलत प्रयोग गरेर कुनै हिंसा अथवा पिडामा पर्दै छिन की भन्ने निगरानी गर्नेसम्म पनि फुर्सद छैन् । छोराले मध्ये रातसम्म कोठाको चुकुल भित्रबाट लगाई बत्ति बालेर कानमा एयरफोन लगएर पब्जी वा फ्रिफायर नामक अनलाइन गेममा मस्त भएको कुरा नियमित अनुगमन नगर्दा छोराले आधा रातसम्म पनि पढेको छ भनेर मख्ख पर्ने अबस्था छ । साँझ बिहान बाहिर खुल्ला स्थानमा रहेको चौरमा भेला जम्मा भई बिभिन्न खेलकुद र शारीरिक ब्यायाम लगायतका कृयाकलापमा सरिक हुने युवायुवती अहिले बन्द कोठाभित्र मोबाइलमा मात्र ब्यस्त हुने गरेको कारण शारीरिक दुर्बलताको शिकार भई रोग संग लड्ने प्रतिरोधी अबस्थासमेत गुमाउदै गएका छन् । सामाजिक अबस्था र नेपालको सांस्कृतिक एवं पारिबारिक बिचलनको कारक सामाजिक सञ्जाल बनेको एउटा अबस्था एकातिर छ भने सामाजिक सञ्जाल अथवा इन्टरनेटको प्रयोग गरेर दिनानुदिन बिभिन्न खालका अपराधहरु भैरहेको अबस्था अर्कोतिर छ । खासगरी पछिल्लो समयमा नेपालमा सामाजिक सञ्जालको प्रयोग गरेर निम्न अपराध तथा बिकृतीहरु हुने गरेको पाइएको छ ।

इमेल मार्फत जथाभाबी धम्की दिने, चरित्र हत्या गर्ने र नगद माग गर्ने, फोटोसपको माध्यमद्धारा बिभिन्न किसिमका नग्न तस्बीर व्यक्तिको मुहार जोडी ईन्टरनेटमा राख्न, बिभिन्न सर्जक तथा रचनाकारका सर्जकका मौलिक सिर्जनाहरु तथा आलेखहरु चोरी गरि प्रतिलिपि बनाउने तथा अबैध रुपमा बिक्री गर्ने, बिभिन्न किसिमका अश्लील सामाग्रीहरु बिभिन्न माध्यमद्धारा ईन्टरनेटमा राख्ने तथा अरुलाई पठाई व्यक्तिलाई आत्महत्या गर्नसम्म प्रेरित गर्ने, मोवाईल मार्फत धम्कीपुर्ण एस।एम।एस। पठाउने तथा एस.एम.एस. मार्फत जुवा, लट्री तथा बिभिन्न किसिमका अनलाइन गेमहरु संचालन गर्ने, सरकारी तथा अन्य संस्थाहरुको ध्भदकष्तभ ज्बअपष्लन गर्ने र सामाजिक संजालमा अन्य व्यक्तिको नाम तथा तस्वीर प्रयोग गरेर प्रोफाईल ज खोलेर बेईज्जत गर्ने तथा दुःख दिने लगायतका कार्यहरु हुने गरेका छन ।

नेपालमा साइवरको प्रयोग हुन थालेको छोटो समयमै यसको प्रयोग गरि गरिने अपराधमा बढोत्तरि भएको अबस्था छ । त्यसकारण साईवरको प्रयोग गर्दा अत्यन्त सुझबुझका साथ र यसलाई केवल सुचना र सञ्चार बाहेक अन्य गलत प्रयोजनको लागी प्रयोग नगर्ने, फेसबुकमा साथी छनोट गर्दा आफ्नो नाता गोता र भरपर्दो साथीलाई मात्र साथी बनाउने, कुनै पनि बिश्वास योग्य सम्बन्ध नहुदासम्म फेसबुक तथा इमेलको पासवर्ड सेयर नगर्ने, ईन्टरनेटको आवस्यक्ता भन्दा बढी जथाभावी रुपमा प्रयोग नगर्ने, पासवर्ड कठिन खालको राख्ने, र समय समयमा परिवर्तन गर्ने, अश्लिल र समाजिक मर्यादा बिपरित कुनै पनि सन्देश तथा फोटो अपलोड नगर्ने, गलत र फरक सूचनाहरु राखेर फेसबुक आईडी नखोल्ने लगायतका साबधानी अपनाउन सकेको खण्डमा साईबरको प्रयोग प्रभावकारी बन्न सक्दछ र आफू पनि पूर्णरुपमा सुरक्षित बन्न सकिन्छ । अन्यथा पछुताउनु बाहेक अर्थोक हुन सक्दैन ।

लेखकः पाण्डेय (प्रहरी नायव उपरीक्षक) जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासी

# खेलकुद

## १३ औं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिता हुने

काठमाडौं । सार्वजनिक संस्थान खेलकुद विकास सङ्घ नेपालको आयोजनामा १३ औं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिता हुने भएको छ । सार्वजनिक संस्थान, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, निजी क्षेत्रका सङ्गठित संस्था र स्थानीय तहका कर्मचारीमाझ आगामी माघ २४ देखि २९ गतेसम्म १३औं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिता हुन लागेको हो ।सङ्घका अध्यक्ष कुलबहादुर आचार्यले प्रतियोगितामा ब्याडमिन्टन (पुरुष सिङ्गल्स, पुरुष डबल्स, महिला सिङ्गल्स, महिला डबल्स, ४५ वर्षमाथिको पुरुष भेट्रान्स) र पुरुष फुटसलका खेल हुने जानकारी दिनुभयो । प्रतियोगितामा भाग लिने खेलाडी तथा टिमले माघ २० गतेसम्म त्रिपुरेश्वरस्थित सङ्घको कार्यालयमा नाम दर्ता गर्नसमेत अनुरोध गरेको छ । प्रतियोगितामा सार्वजनिक संस्थान, नियामक निकाय, वित्तीय संस्था, बीमा कम्पनी, विकास समिति, परिषद्, विकास बोर्ड, निजी क्षेत्रका बैंक, वायुसेवा कम्पनी, दूरसञ्चार सेवा प्रदायक कम्पनी, उपत्यकाभित्रका स्थानीय तहमा कार्यरत कर्मचारीले भाग लिन पाउनेछन् ।सङ्घका महासचिव रामविनय श्रेष्ठले प्रतियोगितामा ब्याटमिन्टन खेल दशरथ रङ्गशालाको कबर्डहलमा र फुटसलका खेलहरू भृकुटीमण्डपस्थित फुटसल मैदानमा सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो । ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत पुरुष सिङ्गलका लागि रु दुई हजार, पुरुष डबल्सका लागि रु तीन हजार, महिला सिङ्गलका लागि रु दुई हजार, महिला डबल्सका लागि रु तीन हजार र पुरुष भेट्रान्स डबल्सका लागि रु तीन हजार दर्ता शुल्क तोकिएको महासचिव श्रेष्ठले बताउनुभयो । फुटसल प्रतियोगिता अन्तर्गत एक टिमका लागि रु १५ हजार र दुई टिमका लागि रु २५ हजार दर्ता शुल्क तोकिएको छ । प्रतियोगितामा सहभागी हुने टिम र खेलाडीले एकैप्रकारको पोशाक लगाउनुपर्ने व्यवस्था गरिएको छ । प्रतियोगितामा सहभागी हुने खेलाडीले कर्मचारी परिचयपत्रको प्रतिलिपि अनिवार्य समावेश गर्नुपर्ने र अस्थायी, दैनिक ज्यालादारी र करारका कर्मचारी खेलाडीले सम्बन्धित संस्थामा कम्तीमा छ महिना काम गरेको नियुक्तिपत्रसमेत अनिवार्य समावश गर्नुपर्ने महासचिव श्रेष्ठले बताउनुभयो । प्रतियोगितामा सहभागी खेलाडीलाई नगद, पदक, टूफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । खेलाडी पठाउँदा एक जना टिम म्यानेजर तोकेर पठाउनुपर्ने र खेल सञ्चालन गर्दा रेफ्री र अम्पायरको निर्णय अन्तिम हुनेछ । विसं २०६२ मा स्थापना भएको सङ्घले आगामी फागुन २४ गते आफ्नो साधारणसभा तथा अधिवेशनसमेत गर्न लागेको छ ।

## नवौं राष्ट्रिय खेलकुदका पदक विजेता खेलाडी सम्मानित

गण्डकी । आर्चरीबाट नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशका पदक जितेका खेलाडी तथा प्रशिक्षकलाई पोखरामा सम्मान गरिएको छ । गण्डकी प्रदेश आर्चरी सङ्घ, कास्की जिल्ला आर्चरी सङ्घ र अन्नपूर्ण आर्चरी क्लबले एक कार्यक्रमका बीच आज संयुक्तरूपमा सम्मान गरेका हुन् ।

पोखरामा गत असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत आर्चरीमा गण्डकी प्रदेश सातवटा स्वर्ण, चारवटा रजत र एउटा कास्य पदक जित्दै च्याम्पियन भएको थियो । पदक विजेता खेलाडीलाई साउथ एशियन तथा नेपाल आर्चरी सङ्घका केन्द्रिय अध्यक्ष दीपक गुरुङ, प्रदेश खेलकुद परिषद् गण्डकीका निमित्त सदस्य सचिव घनश्याम पौडेल, गण्डकी प्रदेश आर्चरी सङ्घका अध्यक्ष बसन्त थकाली, कास्की जिल्ला आर्चरी सङ्घका अध्यक्ष योगेन्द्र शेरचन र अन्नपूर्ण आर्चरी सङ्घका अध्यक्ष बसन्त गौचनले अबिर, माला र सम्मानपत्रले सम्मान गर्नुभयो । कार्यक्रममा साउथ एशियन तथा नेपाल आर्चरी सङ्घका केन्द्रिय अध्यक्ष गुरुङले गण्डकी प्रदेशमा आर्चरीको सुविधा सम्पन्न खेल मैदान रहेको भन्दै राष्ट्रिय टिममा पर्ने गरी तयारी गर्न खेलाडीहरूलाई आग्रह गर्नुभयो ।१९औं एशियन गेम्स सन् २०२३ को सेप्टेम्बर अन्तिम सातादेखि हुने बताउँदै उहाँले अब केही दिनमा राष्ट्रिय टिमको छनोट हुने हुँदा उक्त टिममा पर्ने गरी मिहिनेत गर्न खेलाडीलाई आग्रह गर्नुभयो । प्रदेश खेलकुद परिषद्का निमित्त सदस्य सचिव पौडेलले नवौं राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई बधाई दिँदै अबको दुई वर्षमा हुने १०औं राष्ट्रिय खेलकुदसँगै विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीमा लाग्न आग्रह गर्नुभयो । प्रदेशमा सञ्चालन हुने विभिन्न खेललाई व्यवस्थित, विस्तार र प्रचारप्रसार गर्न प्रदेश खेलकुद परिषद् सहयोगका लागि तत्पर रहेको उहाँले बताउनुभयो । पाँचौं राष्ट्रिय खेलकुदमा प्रर्दशनी खेलका रूपमा आर्चरी समावेश भएको थियो । यसको छैटौं संस्करणमा पदक गणना भएको थियो भने सातौं र आठौंमा पदक गणना भएको थिएन । नवौंमा समान १३ स्वर्ण, रजत र कास्यपदकका लागि प्रतियोगिता भएको थियो ।

## राष्ट्रिय भलिबलः एपिएफ तेस्रो

काठमाडौं । सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फको खेलमा सशस्त्र प्रहरी बल (एपिएफ)ले तेस्रो स्थान हासिल गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कर्भडहलमा आज भएको खेलमा एपिएफले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गर्दै तेस्रो स्थानमा पुगेर रु एक लाख प्राप्त गऱ्यो । खेलमा पहिलो सेट भने पुलिसले जित्यो । पुलिसले एपिएफमाथि २५-१५ ले आफ्नो पक्षमा पाऱ्यो । त्यसपछिको सबै खेल एपिएफले जित्यो । एपिएफले दोस्रो सेट २५-२० ले जित्यो भने तेस्रो सेट २५-२३ ले विजयी हुनाका साथै चौथो तथा अन्तिम सेट पनि २५-१८ ले जित्यो । सोही प्रतियोगिताको पुरुषतर्फको अन्तिम चरणको खेलमा त्रिभुवन आर्मी क्लब र हेल्प नेपालबीच प्रतिस्पर्धा हुनेछ । उक्त च्याम्पियनशिपको उपाधि विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ ।

## इङ्लिस प्रिमियर लिग फुटबलमा चेल्सी, न्युक्यासल र आर्सनल विजयी

काठमाण्डौ । इङ्लिस प्रिमियर लिग फुटबलमा चेल्सी, न्युक्यासल र आर्सनल विजयी भएका छन् । गएराति भएको खेलमा चेल्सीले क्रिस्टल प्यालेसलाई १-० गोल अन्तरले हरायो । चेल्सीको जितमा काइ हाभर्ट्जले खेलको ६५औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । जितसँगै १९ खेलमा २८ अङ्क जोडेको चेल्सी तालिकाको १०औं स्थानमा छ । क्रिस्टल प्यालेस २२ अङ्क जोडेर १२औं स्थानमा छ । यस्तै, गएराति नै भएको अर्को खेलमा न्युक्यासलले फुलह्यामलाई १-० गोल अन्तरले हराएको छ । जितसँगै अङ्क तालिकाको तेस्रो स्थानमा रहेको न्युक्यासलले ३८ अङ्क जोडेको छ ।

## राजेन्द्र.......

रेमिट्यान्समार्फत पठाएको रकमले राष्ट्रको कूल ग्राहस्थ उत्पादनको करिब ३०% स्थान ओगटेको छ। जसका कारण मुलुकको गरीवि निवारणमा कमी आएको छ। पोषणयुक्त खानपिनमा पहुँच पुग्नाले बालबालिकाहरु कुपोषण मुक्त भई बाल मृत्यु दरमा समेत उल्लेखनिय कमी आएको छ। नेपालको करीब ५८% घरधुरी वैदेशिक रोजगारीबाट लाभान्वित भएका छन भने गुणस्तरीय शिक्षा, स्वास्थ्यमा सहजपहुँच र जीवनस्तरको विकास गर्दै समग्र आर्थिक, शैक्षिक तथा सामाजिक रुपान्तरणमा वैदेशिक रोजगार व्यवसायीहरुले पुर्याएको योगदान र भूमिका समाज बिकासका लागि सह्रानीय रहेको व्यहोरा सगौरब प्रस्तुत गर्दछौं। संघको ३० बर्ष लामो यात्राको क्रममा, परिस्थितिका अनुकुलता र प्रतिकूलताका थुप्रै अनुभवहरु हामीसंग छन् ।वै.रो.ऐन-२०४२, वै.रो. नियमावली-२०५६,वै.रो.ऐन-२०६४,न्यूनतमलागत शुल्क (ree Visa–Free ticket)-२०७२, घरेलु कामदार कार्यबिधि २०७२ का बिभिन्न अव्यवहारिक सरकारी एवम् प्रशासनिक निर्णयहरु र निहित स्वार्थले बिभिन्न ढंगले यदाकदा व्यवसायिक क्षेत्रमा देखिने निहित स्वार्थले गरिने सिन्डिकेटका प्रयत्न भएकै हुन। यस्ता गलत पात्र, प्रबृति, नेतृत्व र निर्णयहरुलाई सच्याउँदै व्यवसायिक यात्रालाई समयानुकूल बनाउन सही नेतृत्वको छनौट गर्नुपर्ने आजको आवश्यकता हो। अतः यिनै गलत निर्णय र गलत प्रवृतिलाई निस्तेज पार्दै सकारात्मक कार्यको निरन्तरता अनि समग्र व्यवसायीको सफलता यस समुहको अभियान हो। अझ स्पष्ट भाषामा भन्नुपर्दा बर्षौंदेखि चलिरहेको र तमाम व्यवसायीहरुले भन्ने गरेको वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने भन्ने मूल नारालाई शतप्रतिशत कार्यान्वयन गराउनेदृढ संकल्पका साथयहाँहरु समक्ष प्रस्तुत भएका छौं।

हाम्रो उम्मेदवारी किन ?

क. नीतिगत सुधारका लागि :

१.वै.रो.ऐन-२०६४ को थप परिमार्जन गरि व्यवसायी तथा श्रमिकमैत्री बनाउन।

द्रष्टव्य : Employment Contract को आधारमाअन्तिम स्वीकृति दिनुपर्ने र मागपत्र दूताबासबाट अनिवार्य प्रमाणिकरणको व्यबस्था हटाउन बिशेष जोड दिन।

२. दश हजार सेवा शुल्कको निर्णय खारेज गरी अर्न्तराष्ट्रिय प्रचलन अनुसार कामदारले पाउने १ महिनाको तलब बराबरको रकम व्यवसायीले सेवाशुल्क बापत लिन पाउने व्यवस्था गर्न।

३. बार्षिक १०० जना श्रमिक अनिवार्य पठाउनु पर्ने अव्यवहारिक कानूनी प्राबधानलाई हटाउन।

४. SAARC मुलुकहरु सरह नेपाली श्रमिकहरुले पनि रोजगारदाता कम्पनीले हवाई टिकट नदिएको अबस्थामा श्रमिकले नै हवाई टिकट बापतको खर्च तिरेर रोजगारीमा जान पाउने व्यवस्था गर्न।

५. गाम्का नेपाल तथा मलेशिया बायोमेट्रिक्स लगायत श्रमकिको स्वास्थ्य परिक्षण गर्ने संस्थाहरुले श्रमिकहरुलाई पार्ने उच्च आर्थिक भारलाई न्यूनिकरण गर्न।

६. व्यवसायी कल्याणकारी कोषको स्थापना गर्ने प्रकृयालाई अबिलम्ब कार्यान्वयनमा लान।

७. दुताबास नभएका युरोपियन लगायतका मुलुकहरुमा चेम्बर अफ कमर्स, मोफावा नोटरी पब्लिकको प्रमाणिकरणको आधारमा मागपत्र स्वीकृतिको लागि पहल गर्ने।

८. सम्पूर्ण रोजगारदाता मुलुकहरुसँग (घरेलु कामदार तथा संगठित क्षेत्र) श्रम सम्झौता गर्नका लागि नेपाल सरकारलाई जोडदार दवाब दिन।

९. रोजगारदाता मुलुकहरुसँग श्रम सम्झौता गर्नका लागि उच्च स्तरीय कूटनीतिक भ्रमणको लागि समन्वयात्मक भूमिका निर्वाह गर्न।

१०.घरेलु कामदार कार्यबिधि-२०७२ लाई परिमार्जन गरी कामदार र व्यवसायीमैत्री बनाउन।

११. सम्झौताअनुसार कार्य नगर्ने रोजगारदाता कम्पनी र विदेशी Recruiting Agency लाई कालो सुचीमा राख्ने व्यवस्था गर्न।

१२. खाडी मुलुकहरुमा नेपाली कामदारले पाउने न्युनतम पारिश्रमिकमा एकरुपता ल्याउन।

१३. भिषाप्राप्त गरेका कामदार आफ्नै कारण रोजगारीमा नगएमा त्यस्ता कामदारबाट क्षतिपूर्ति बापत रकम असुल उपर गर्ने लगायत कामदारको दायित्व किटान गर्न।

१४. स्वास्थ्य परिक्षण असफलभई फर्किएका कामदारको क्षतिपूर्ति (भिषा, टिकट शुल्क आदि) स्वास्थ्य परिक्षण संस्था मार्फत क्षतिपूर्ति दिलाउन।

१५. राहदानी लिनुपूर्व वैदेशिक रोजगार सम्बन्धि Pre–Orientation सम्बन्धित जिल्ला वा प्रदेशमा नै व्यवस्था गर्न।

१६. संघीय नियम कानून कामदार र व्यवसायी मैत्री बनाउन।

१७. वै.रो. व्यवसायीले स्वदेशमा समेत कामदार आपुर्ति गर्न पाउने (Local Recruitment) ईजाजतपत्रको व्यवस्था गर्न/गराउन।

१८. ईजरायल लगायतका मुलुकहरुमा व्यवसायी संस्थामार्फत कामदार आपूर्ति गर्ने व्यवस्था गर्न।

१९. युटुबरका नाममा भएका व्यवसायी बिरोधी हर्कतलाई निस्तेज गर्न।

२०. परिमार्जित वैदेशिक रोजगार नीतिका लागि प्रयत्न गर्न।

२१.सम्पूर्ण ईजाजतपत्र प्राप्त संस्थाहरुबाट वैदेशिक रोजगारीका लागि जापानमा नेपाली श्रमिकहरु आपूर्ति गर्ने व्यवस्था मिलाउन पहल गर्ने।

ख. कार्यबिधि व्यबस्थापन (Procedural Management) :

१.अनलाईन श्रम स्वीकृति प्रणालीलाई थप प्रभाबकारी बनाउन।

२. व्यवसायिक संस्था उपर परेका उजुरीहरुलाई कानून व्यवसायी सहितको संघको रोहबरमा हेल्प डेस्कको व्यवस्था गरी निःशुल्क कानूनी सेवा प्रदान गर्न।

३. व्यवसायी र कामदारले सेवा लिने निकायहरुमा हुन सक्ने आर्थिक अनियमितता बन्द गर्न।

४. नियामानुसार बैदेशिक रोजगार बोर्डलाई सक्रिय बनाई नयाँ गन्तव्य मुलकहरुको खोजी गर्न।

५. दूताबासबाट हुने अनाबश्यक हस्तक्षेप तथा झन्झटिलो प्रकृयाहरुको अन्त्य गरी समन्वयात्मक भूमिका स्थापित गर्न।

६. व्यवसायीहरुको क्षमता अभिबृद्धिका लागि प्रबर्द्धन बोर्डसंगको सहकार्यलाई निरन्तरता दिन।

७. बैदेशिक रोजगार बोर्डले दिने सीप बिकास तालिमलाई प्रभावकारी बनाई समन्वय गर्न।

८. बैदेशिक रोजगार बोर्डमार्फत वैदेशिक रोजगार सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्न।

९. बैदेशिक रोजगार बोर्डमा अनुत्पादक रुपमा रहेको पूँजीलाई नियमानुसार उत्पादनमूलक क्षेत्रमा लगानीका लागि आबश्यक समन्वय गर्न।

१०. नेपाल स्थित साउदी दूताबासद्वारा ID Card तथा Visa Stamping मा भएका झण्झटिलो प्रकृयालाई छिटो छरितो गर्न।

ग. आन्तरिक व्यवस्थापन :

१. वैदेशिक रोजगारीमा जाने युवाहरुको आवेदन Online Online System मार्फत संकलन गरी व्यवसायी संस्थाहरुसँग सिधा सम्पर्क गर्ने।

२.नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई प्रबिधि मैत्रीबनाई कामदारलाई सहज रुपमा वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाह गर्ने।

३. संघको बिधानमा व्यवसायी भलाई कोषको व्यवस्था गरी व्यवसायी र कामदारको हितमा भलाई कोष स्थापना गर्ने (भलाई कोष संचालन सम्बन्धि कार्यबिधि तयार गरी लागू गरिनेछ)

४. संघको भवन निर्माण तथा व्यवस्थापन गर्ने।

५. हरेक प्रदेशको राजधानीमा संघको शाखा कार्यालय स्थापना गर्ने।

६.बढी कामदार रहेका गन्तव्य मुलुकहरुमा भैपरि आउने समस्या समाधान गर्न संघले कर्मचारी नियुक्ति गरी आबश्यक्ता अनुसारको कार्य गर्ने।

७. सबै प्रदेशमा संघले अन्तराष्ट्रिय मापदण्ड अनुसारको तालिम केन्द्र स्थापना गरी अर्धदक्ष/दक्ष जनशक्ति उत्पादन गर्ने।

८. बैदेशिक रोजगारीमा गएका युवाहरुको घर-परिवारसँग नियमित सम्पर्क गर्ने सं ण गरी कामदारका परिवारसँगको सुमधुर सम्बन्ध बनाउने।

९. व्यवसायीहरुको संयुक्त लगानीमा बैदेशिक रोजगार जीवनबिमा, स्वास्थ्य परिक्षण संस्थार अभिमुखीकरण तालिम जस्ता व्यवसायिक संस्थाहरुको स्थापना/साझेदारी गर्ने।

१०. वैदेशिक रोजगार सम्बन्धि अनावश्यक भ्रमहरु फैलाउने युटुबर लगायतका सामाजिक संञ्जालहरुलाई निरुत्साहित गर्दै आमनागरिकलाई सकारात्मक सन्देश प्रवाह गर्ने कार्य गर्ने।

११. रोजगारदाता मुलुकहरुको चेम्बर अफ कमर्श लगायत सम्बन्धित निजी तथा गैर सरकारी संघ/संस्थासँग समन्वय गरी रोजगारीको अबसर बढाउने कार्य गर्ने।

१२. उच्च स्तरीय समिति गठन गरी वैदेशिक रोजगार व्यवसाय सहज र सरल बनाउन बिभिन्न राजनीतिक पार्टी तथा अन्य सँघ/संस्थाहरुसँग समन्वय गर्ने।

१३. बिभिन्न निकायहरुबाट मृतक कामदारका परिवारहरुले पाउनु पर्ने क्षतिपूर्ति रकम छिटो छरितो उपलब्ध गराउन सहजीकरण गर्ने।

१४. आबश्यकताअनुसार संघको आचार संहिता परिमार्जन गरी पूर्ण रुपमा लागू गर्ने।

१५. संयुक्त रुपमा कार्य योजनाबनाई बजार प्रवर्द्धन गर्ने।

धन्यबाद।

सरोज कुमार पोखरेल, संयोजक-निर्वाचन परिचालन मूल व्यवस्थापन कमिटी

## नेपालका......

उठाउने नाममा गुन्डागर्दीका नाइकेहरुले अगाडी फन्टमा अरुनै केटाहरुलाई परिचालन गरी काम लगाईराखेका छन्। फोहोर व्यवस्थापन गर्ने जिम्मेवारी महानगरपालिको हो। यस्ता जानकार राख्ने केही वौदिक वर्गलाई धम्क्याउने फन्ट अर्थात अगडी देखिने ठाउँमा ट्यापे, मुन्द्रे राख्ने र त्यहा केही समस्या आयो भने प्रहरी कार्यलयमा समेत तिनै गुन्डा नाईकेहरु गयर छुटाने गरेका छन्। तरिका (शैली) फेरेर काम गर्न थालेका कतिपय वडाका टोलहरुमा टोलैपिछे पार्किङको नाममा जथाभावी पैशा असुल गर्ने, घरलौरी फोहोर व्यवस्थापन र सुरुक्षा व्यवास्था भन्दै टोलटोलमा रकम असुली गर्ने गरेका छन्। यस्ता घटना, सुनधारा, बागबजार, ठमेल एरियामा बढी देखिएको छ।

बागबजारमा त एउटा घरबाट फोहोर व्यवस्थापन र पार्किङ व्यवस्थापनको नाममा १५ हजारसम्म असुली गर्ने त्यही घरमा भाडामा व्यवसाय गर्ने फर्म, चिया पसल, अफिस चलाउनेहरुलाई पुनः एक हजार असुल्ने जस्ता काम भईरहेको छ। जवकी आफ्नै घरमा भाडामा बस्ने आफ्नै घर अगाडी पार्किङ गरेर राख्ने सवारीको समेत टोले गुन्डाहरुले अवैद्य रकम असुल गर्ने गरेको देख्दा यस्तो अत्याचार देखेर पनि नदेखे झै गरेर हिड्नु परेको नाम नबताउने सर्तमा बाग बजारका घरवेटीहरु बताउछन्।

एक प्रेस व्यवसायीले त मार्षिक पैशा असुल गरेकोमा दुखः व्यक्त गदै कोही वोल्दैन नेपालकमम यस्तै रहेछ भन्दै उनले भने "बागबजारमा धेरै साप्ताहिक पत्रपत्रिकाका र अन्य मिडियाका अफिस भएपनि कोही कुनै पत्रपत्रिकाले यस्ता आफै बस्ने एरियामा भएका अत्याचार नलेख्दा रहेछन्। भन्दै गुनासो पोखेका थिए।

## क्रिकेटर.......

सर्तमा अदालतले उनलाई रिहाइ गर्न आदेश दिएको होरु त्यस्तै, पीडित वा उनको परिवारका सम्बन्धमा सामाजिक सञ्जालबाट कुनै सामग्री प्रकाशन गर्न नपाउने पीडित र पीडितको परिवारसँग सम्पर्क वा भेट गर्न पनि बन्देज तथा पीडित वा उनको परिवारलाई डर, त्रास, धम्की, दबाब र प्रभाव दिने कुनै कार्य गर्न नपाउने सर्तहरू उनी माथि छरु यी सर्त पालना नगरे पुन : थुनामा बस्नु पर्ने उच्च अदालतको आदेश छ।

बयान भइसकेकाले पीडितलाई दबाब दिने वा प्रभाव पर्न सक्ने सम्भावना नभएको थुना बाहिर हुँदा समाजमा उनको ज्यान माथि खतरा नभएको, थुनामुक्त गर्दा सार्वजनिक शान्ति सुरक्षा, कानुन र व्यवस्थामा पनि खतरा नहुने अवस्था नभएको आधारमा उनी धरौटीमा छुटेका हुन ।

## म....

आग्रह गरी र हामी अघि बढ्यौं। मैले फेरि कुरा झिकें, भन त नानी, तिमी किन स्वर्ग जान चाहँदैनौं ? स्वर्गमा त सुखै-सुख हुन्छ। तिमीले भनेजस्तो आमाबाबा, ईश्वर र साथीभाइहरूसित बस्न पाइन्छ। सुनेको त्यहाँ कुनै कुराको कहिल्यै अपुग र दुःख हुँदैन।

उसले झन् गम्भीर हुँदै भनी, त्यसैले त म जान चाहन्नँ। किन चाहँदैनौ मात्र भनेको थिएँ उसले आँसु पिलपिल खसाल्न थाल्छे। उसको आँखाबाट आँसु झरेको झरेकै हुन्छ तर आवाज भने पटक्क निस्किँदैन। मेरो उत्सुक्ता झन् बढेर जान्छ।

मैले उसलाई रुमाल दिँदै भने, भन त नानी, तिमी स्वर्ग जान किन चाहँदैनौ ? म आमा र पापासङ्ग पटक्क बस्न चाहन्न। बाजे भन्नुहुन्छ कि मेरो पापा गोरो थिए हरे अनि आमा पनि खुब गोरी थिइन् हरे, तर म काली जन्मेपछि पापाले आमासित झगडा गरेर घर छोडेर जानुभयो हरे ! म चार बर्षको हुँदा आमाको मानसिक स्वास्थ्य बिग्रिएर हामी सबैलाई छाडेर गइन् हरे ! भन्दै घोप्टिएर सुकसुक गर्दै रुन थाली। रुमालले आँसु पुसिसकेपछि अनुहारमा जबरजस्ती मुस्कान भर्दै फेरि बोली, स्कुलमा पनि सबैले काली काग भनेर बोलाउँछन्। सर-मिसहरूले पनि काली भन्दै बोलाउँछन्।

म केही बोल्नै सकिनँ। ऊ फेरि मन दुखाएर सुकसुकाउन थाली तर मैले उसलाई नरोऊ नानी पनि भन्न सकिनँ। मेरो हृदय भरिएर आयो। म ऊसित स्कुलको गेटसम्म गएँ। मैले उसलाई मिठाई खाने केही रुपियाँ हातमा थमाइदिँदा पनि ऊ मानिन। छुट्ने बेलामा मेरो हात समातेर मुसुक्क हाँस्दै मलाई एउटा प्रश्न गरी, अङ्कल ! म नराम्री छु है ?

म हेरेको हेरेकै भएँ। ऊ कति बेला त्यहाँबाट भित्र पसी मलाई थाहै भएनँ। एकछिनपछि स्कुलको घन्टी बज्दा मात्र म झसङ्ग भएँ। त्यो दिनभरि मेरो कानमा त्यस नानीको आवाज घरिघरि गुँजिरह्यो–म नराम्री छु है ?

दार्जीलिङ

**आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो।**

# अन्तराष्ट्रिय समाचार

## अफगानिस्तानमा पूर्व सांसदको गोली हानी हत्या

अफगानिस्तानमा पूर्व सांसदको गोली हानेर हत्या भएको छ। राजधानी काबुलमा रहेको आफ्नै घरमा पूर्व सांसद मुर्सल नाबिजादामाथि गोली प्रहार



भएको थियो। घरमा प्रवेश गरेका बन्दुकधारीको समूहले उहाँको अङ्गरक्षकलाई गोली हाने लगत्तै उहाँको हत्या गरेका थिए।

घटनामा उहाँका भाइ र एक सुरक्षागार्ड घाइते भएका बीबीसीले जनाएको छ। ३२ वर्षकी मुर्सल नाबिजादा ती महिला सांसदमध्ये एक हुनुहुन्छ जसले तालिबान सरकारमा फर्किंदा पनि देश छोड्नु भएको थिएन। उहाँ सन् २०१८ मा सांसद बन्नु भएको थियो। उहाँ संसदीय रक्षा आयोगकी सदस्य एवम् मानव संशाधन विकास संस्थानमा रहेका काम गर्नुहुन्थ्यो। अफगानिस्तानका लागि सांसद रहेका नाबिजादालाई तालिबान सरकारले सन् २०२१ मा पदच्यूत गरेको थियो। काबुल प्रहरीले घटनाको गम्भीरतापूर्वक अनुसन्धान गरिरहेको जनाएको छ।

## पेरुमा प्रदर्शन उग्र बन्दै गएपछि राजधानी लिमासहितका क्षेत्रमा आपत्काल घोषणा

पेरुको सरकारले राजधानी लिमा र अरू तीन क्षेत्रमा आपत्कालीन अवस्थाको घोषणा गरेको छ। राष्ट्रपति डिना बोल्वार्टेविरुद्धको प्रदर्शन उग्र बन्दै गएपछि सरकारले राजधानीसहित आन्दोलन चर्किएका क्षेत्रमा आपत्कालीन अवस्थाको घोषणा गरेको एएफपीले जनाएको छ।

प्रदर्शनका क्रममा सुरक्षा फौजले बल प्रयोग गर्दा ४२ जनाको ज्यान गइसकेको छ। राष्ट्रपतिले ३० दिनका लागि आपत्कालीन अवस्थाको घोषणा गर्दै आन्दोलनमाथि हस्तक्षेप गर्न सेनालाई अधिकार दिनुभएको छ। आन्दोलन र भेलाको स्वतन्त्रताजस्ता धेरै संवैधानिक अधिकारहरू निलम्बन गरेको राष्ट्रपति कार्यालयले प्रकाशन गरेको आदेशमा उल्लेख छ। अपदस्थ राष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले डिसेम्बरदेखि पेरुका सडकमा ऱ्याली र नाकाबन्दी गरेका छन्। उनीहरूले बोल्वार्टेको राजीनामा र नयाँ चुनावको माग गरेका छन्। राष्ट्रपति बोल्वार्टेले गए राति टेलिभिजनमार्फत सम्बोधन गर्दै राजीनामा दिन अस्वीकार गर्नुभएको छ। पेरुमा प्रदर्शनकारीहरूले एक सयभन्दा धेरै सडक बन्द गरेका छन्।

## इरानका पूर्व सहायक रक्षा मन्त्रीलाई मृत्युदण्ड

इरानले पूर्व सहायक रक्षा मन्त्री अलीरेजा अक्बरीलाई मृत्युदण्ड दिएको छ। बेलायतका लागि जासुस गरेको आरोपमा सन् २०१९ मा पक्राउ परेका अक्बरीलाई मृत्युदण्ड दिएको बीबीसीले जनाएको छ। अक्बरीसँग बेलयात र इरानको दोहोरो नागरिकता रहेको थियो।

अक्बरीले दोहोरो नागरिकता भए पनि जासुसी गरेको आरोप भने अस्वीकार गर्दै आउनुभएको थियो। बेलायतले अक्बरीको मृत्युदण्डलाई स्थगित गरेर तत्कालै रिहा गर्न माग गर्दै आएको थियो। यस्तै अमेरिकाले पनि अक्बरीलाई मृत्युदण्ड नदिन इरानलाई दवाब दिएको थियो। इरानले पछिल्लो केही वर्षयता दोहोरो नागरिकता भएका वा विदेशी स्थायी आवासीय प्रमाणपत्र रहेका कैयौं व्यक्तिहरूलाई गुप्तचरी र राष्ट्रिय सुरक्षा सम्बन्धी अभियोगमा पक्राउ गरेको बीबीसीले जनाएको छ।

## कोरोनाबाट चीनमा एक महिनामै ६० हजारको मृत्यु

काठमाडौं। चीनमा पछिल्लो एक महिनामा मात्रै करिब ६० हजार जनाको कोरोना भाइरसका कारण मृत्यु भएको प्रतिवेदन सार्वजनिक भएको छ। चिनियाँ अधिकारीहरूका अनुसार सन् २०२२ को डिसेम्बर ८ देखि यस वर्षको जनवरी १२ सम्ममा चीनमा ५९ हजार ९३८ जनाको कोभिडका कारण मृत्यु भएको छ। त्यहाँको राष्ट्रिय स्वास्थ्य आयोगअन्तर्गतको चिकित्सा प्रशासन ब्यूरोका प्रमुख जियाओ याहुईका अनुसार चीनमा सुरु भएको पछिल्लो लकडाउन खुकुलो भएपछि सार्वजनकि भएको यो सबैभन्दा ठूलो संख्या हो।

ब्युरोले सार्वजनिक गरेको आँकडा त्यहाँका स्वास्थ्य संस्थामा भएको रेकर्ड हो। मृतकको संख्या योभन्दा पनि बढी हुनसक्ने अनुमान गरिएको छ। जिआओका अनुसार ५,५०३ जनाको श्वासप्रश्वास सम्बन्धी समस्याका कारण र ५४ हजार ४३५ जनाको मृत्यु कोभिडसँग जोडिएका रोगका कारण भएको छ। चीनले यसअघि कोभिड १९ का कारण हुने मृत्युको वर्गीकरण गर्ने पद्धतिमा संशोधन गर्दै भाइरसका कारण श्वासप्रश्वासमा समस्या भएर मृत्यु हुनेको मात्र गणना गर्ने बताएको थियो।

तर विश्व स्वास्थ्य संगठनले यसको आलोचना गर्दै नयाँ परिभाषा 'अत्यन्तै संकीर्ण' भएको बताएको थियो। गत डिसेम्बरको सुरुमा शून्य कोभिड नीति त्यागेपछि चीनमाथि भाइरसका कारण मृत्यु हुनेको संख्यालाई कम आँकलन गरेको आरोप लाग्दै आएको छ। केही दिनअघि मात्रै त्यहाँका अधिकारीहरूले कोरोना संक्रमणले मृत्यु हुनेको यकिन संख्या लिन आवश्यक नभएको समेत बताएका थिए। कोरोनाका कारण मृत्यु हुने ९० प्रतिशत ६५ वर्षमाथिको उमेरका रहेको चिनीयाँ दाबी छ।

-अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट

# स्रष्टा र सिर्जना एकादशी महाकाव्य



**तेजप्रकाश बानियाँ**
**पूर्व साहायक रथी नेपाली सेना**

.....................................

१. निष्टावान साहित्यकार तोयानाथ सुवेदीको जन्म वि सं २०१७ साल फागुन ७ गते, ओखलढुङ्गा जिल्लाको नर्मदेश्वररु मा भएको हो । पिता डिल्ली प्रसाद सुवेदी र माता पुर्ण कुमारी सुवेदीका साहिला सुपुत्रको रूपमा जन्मनु भएका तोयानाथको बाल्यकाल माता पिताका साथ घरमा बित्यो । उहाँले कखरा घरबाटै सिक्नु भयो । पछि ६ बर्षको उेरमा गाउँको हिमगंगा निम्न माध्यमिक विद्यालयमा १ कक्षामा भर्ना हुनुभयो । र ८ कक्षा सम्म त्यहाँ अध्ययन गर्नुभयो ।


२ समयलाई अत्यन्त महत्व दिने तोयानाथले त्यसपछि काठमाडौं गएर २०३५ साल माघ २ गते सेनामा प्रवेश गर्नुभयो । फुर्सदको समयमा नक्साल स्थित नन्दी रात्री माध्यमिक विद्यालयमा अध्ययन गरेर एसएलसी उत्तीर्ण गर्नुभयो । पछि नेपाल ल क्याम्पसबाट विएल पूरागरी नेपाल कानून व्यवसायी परिषदको सिफारिसमा अधिवक्ताको उपाधि प्राप्त गर्नुका साथै श्री पुनरावेदन अदालत पाटनको सदस्यता समेत प्राप्त गर्नु भएको छ ।

गर्दै भन्दै जाँदा सेना तर्फ पेन्सन पनि भयो । २०५२ साल फागुन मसान्तमा साजीनामा दिएर चैत्रबाट पुतली सडक स्थित सेकेटरिएल कम्प्युटर कार्यालयमा काम गर्न थाल्नुभयो ।

३ कहीँबाट साहित्यिक कार्यक्रमको निमन्त्रणा आएमा भ्याएसम्म त्यस कार्यक्रममा उपस्थित हुने उहाँको बानी छ। काम गर्ने शैलीमा उहाँको जोस,जाँगर र हौसलामा कुनै कमी आएको छैन । सदावहार हुनुहुन्छ ।

साहित्यका विभिन्न विधामा कलम चलाउने लेखकले यसलाई सोखको रूपमा लिएपनि उहाँ फुर्सदको समय लेखनमा ब्यस्त देखिनु हुन्छ । हाल परिवारका साथ केही वर्ष यता देखि काठमाडौंको सिनामङ्गल काँडाघारीमा रहदै, समाज सेवा र साहित्य लेखन गर्दै आउनु भएको छ ।

४ स्वस्थानी ब्रतकथा (भजन संग्रह) सरल नेपाली भाषामा विष्णु सहस्र नाम, बाल कविता संग्रह, प्रेमिल (




गजल), चरित्र (खण्ड काव्य) गरी ६ थान पुस्तकहरू प्रकाशित गरी पाठक सामु पुर्‍याई सक्नु भएको छ। मेरो हातमा रहेको यो एकादशी महात्म्य, उहाँको सातौं प्रकाशित कृति हो मिती २०७९/०८/०१ गते आधुनिक साहित्य परिषदको वार्षिकोत्सब को अवसरमा बिमोचित यो एकादशी महात्म्य किताव हिन्दूहरूका लागि निकै उपयोगी सावित हुनेछ, भन्ने ठानेको छु । यस कितावमा पूर्विय दर्शनमा वैदिक कालदेखिको खगोलीय गणना अनुसार मानी आएका १६ तिथिहरू मध्ये सारै महत्वपूर्ण तिथि एकादशी महिमा बारे जो कोहिले बूझ्ने सरल भाषामा स्पस्ट पारिएको छ । हरेक महिनाको कृष्ण पक्षमा १ र शुक्ल पक्षमा १ गरी महिनाको २ एकादशीका हिसावले सामान्य वर्षमा २४ एकादशी र हरेक २ वर्ष ८ महिनाको हारा हारिमा पर्ने अधिक मासमा थपिने २ एकादशी समेत २६ वटा एकादशीको नाम, महिमा, पूजा विधि र विधिपूर्वक गरिने पूजाबाट मिल्ने फल समेत उल्लेख गरिएको छ ।

५ हाम्रो नेपाल भौगोलिक विकटताले गर्दा आर्थिक विकासमा भर्खर बामे सर्दै छ । तर संस्कृतिमा भने धनी छ । हाम्रो संस्कृति, रहन सहन,विना भेदभाव मिश्रित बसोवास, संस्कार एवम् सामाजिक अनुशासन, आदिको गहनता र सुक्ष्मतालाई नबुझी हिन्दू धर्ममा खलल पुर्‍याएर आफ्नो धर्म लाद्ने अभिष्ट पूरा गर्ने उद्देश्यले पृथ्वीनारायण शाहका पालामा धर्म प्रचारको बहानामा पादरीहरू नेपाल छिरेका थिए । पृथ्वीनारायण शाह दुरदर्शी राजा भएकोले भविश्यमा हुन सक्ने अवाञ्छिनीय कृयाकलापलाई मध्य नजर राखी ती पादरीहरूलाई देश निकाला गर्न लगाए ।

६ त्यस वखत देखिनै बीचबीचमा अनेक असफल प्रयास भइनै रहे । केही नलागे पछि कतै शिक्षा, कतै भिक्षा, कतै स्वास्थ्य, कतै महिला सशक्तिकरण, कतै वर्ग उत्थान, कतै जाति उत्थान, केही न केही चारो छरेर, छारो हाल्न, नेपालको कुना काप्चामा पुगेर एन्जीओ आइएन्जीओ को नाममा जनतालाई भाडने काम भइरहेछ । हाम्रो देशमा भएको अशिक्षा, गरीबी, बेरोजगार, पछौटेपन जस्ता कमजोरीलाई हतियार बनाएर हामी माथीनै प्रहार गरीरहेछन् । यस्तो विषम परिस्थितिमा तोयानाथले हिन्दू हरूका लागि धर्म संस्कृति बचाउने र देश भक्ति जगाउने खालका पुस्तकहरू,बडो मेहनतका साथ सरल भाषमा छन्दोबद्ध गरी पाठक को हातमा पुर्‍याउनु भनेको पक्कै पनि प्रशंसनीय काम हो ।

७ एकादशी महिमाको किताव सबै हिन्दूहरूका लागि पठनीय छ । तर दुख:लाग्दो पक्ष के भने ठूलाबडाहरूमा संस्कृति जोगाउन चासो नहुनु,युवाशक्ति वैदेशिक रोजगारमा र शिक्षितहरू अन्य देशमा जेसुके कारणले पुगे पनि उतै टासिने प्रयास गर्नु भनेको देश हाक्नेहरूको कमजोरी र देशप्रति जनताको वितृष्णा पनि हो ।

८ यो किताव सबै हिन्दूहरूका लागि सन्देश मूलक र पठनीय छ । यसरी पस्चिमाहरूबाट योगदानको नाउँमा हाम्रो देश जतातते आक्रान्त छ । त्यस्तो अवस्थामा पनि आफ्नो धर्म संस्कृति विक्री गरिरहेछन् । यो भनेको मातृभूमि प्रति अपहेलना हो । तसर्थ लेखकले बिक्रमसम्बदको पात्रो अनुसार पर्ने, एकदशीहरूको नाम,

महत्व र ती एकादशीमा लिइने ब्रत र फल समेत प्रष्ट खुलाई पाठक सामस राखेर बुझाउन गर्नु भएको प्रयासलाई म सम्मान गदछु । भबिश्यमा यसको बाँकी भाग पनि प्रकाशनका लागि छिटै अनुकूल मिलोस् भन्ने कामना गर्दछु । नेपाली साहित्यमा लेखकको नाम चुलिदै जावोस र पाठकले पनि उहाँका कतिहरू अध्ययन गर्न अवसर निरन्तर पाउन् भन्ने आशाका साथ आजलाई यत्ति ।

# वेस्ट पाम बिच, फ्लोरिडा



फ्लोरिडामा सँधै गर्मी, जाडो आको हैन्

घीउ, चाकु र तरुल पनि, खान पाको छैन् !

गाँउमा हुँदा तरुल खन्न, पाखा बारी जान्थ्यौं

खिचडी र तिलको अचार, मिठो मानी खान्थ्यौं !

आहा कत्ति मिठो चम्सुर, अनी पालुङ्गोको साग

गाउँमा खसी काटे लाउँथे, दस रुपियाँको भाग !

घाम झुल्के तेल घसेर, बस्थ्यौं आँगनमा

मामा लिन आए भने, गइन्थ्यो मामाघरमा !

फेसबुक र टिकटकले नि, गर्नु सम्मै गऱ्यो

सेलरोटी र लड्डु खाको, तस्बिर हाल्नै पऱ्यो !

बित्ने भए सम्झँनामा, सबै पर्बहरु हाम्रो

परदेशमा चाडबाड बरु, नआएकै राम्रो

Dr. Amar Karki
फ्लोरिडा, अमेरिका

# म नराम्री छु है ?

ईगम खालिङ

सन्त जोसेफ स्कुलको अलिकति अघि एउटा गिर्जाघर छ। गिर्जाघर भएर जाने बाटो स्कुले नानीहरू ताँत लागेर हिँड्छन् । मैले देखेका ती नानीहरूमध्ये एउटी चार-पाँच कक्षा पढ्ने नानीचाहिँ गिर्जाघरको गेटअघि घुँडा टेकेर प्रार्थना गर्ने गर्छे। मैले उसलाई त्यहाँ त्यसरी प्रार्थना गरेर स्कुल गएकी देखेको यस्तै एक हप्ताजस्तो भइसकेको थियो ।

त्यो दिन पनि म त्यही गिर्जाघर भएर जाने बाटामा छेउ लागेर उभिरहेको थिएँ । त्यो दिन पनि त्यस नानीले त्यसरी नै प्रार्थना गरी । त्यस नानीका बारेमा जान्ने मन त लागेको थियो तर अलिक हतार भएको हुनाले कसैलाई सोध्न पाइनँ । तर मेरो मनमा कुरा खेलिरहे–त्यो नानी त्यस गिर्जाघरअघि किन त्यसरी सधैँ प्रार्थना गर्छे ? आमाबाबाले नै त्यस्तो संस्कार दिएको पो हो कि ! उसले प्रार्थनामा के मनोकामना गर्छे ? के साह्रो मायालु नानी !

भोलिपल्ट पनि मैले उसलाई त्यहाँ फेरि देखेँ र आज चाहिँ सोधिहाल्छु भनेर अलिक अघि गएर उसलाई पर्खिरहेँ । मेरो गाडी आइपुग्यो तर पनि म गइनँ । दुई-तीन मिनटबाद ऊ त्यहाँबाट आँसुसरि भएर निस्किई । ऊ मेरो नजिक आइपुग्नसाथ मैले अलिकति स्वर बनाएर सोधेँ, नानी ! तिमी रोयौ पो क्या हो ?

मैले त्यसरी एक्कासि प्रश्न गरेको हुनाले ऊ लजाउँदै अलिक पर सरी । त्यसपछि आफ्नो जामामा लागेका धूलाहरू टकटकाउँदै बोली, होइन अङ्कल, म प्रार्थना गर्न बसेकी थिएँ । तर तिम्रो आँखा त सुन्निएको छ नि ! मैले उसलाई अप्ठ्यारो नमानी भनिदिएँ ।


अङ्कल ! प्रार्थना गर्दा मलाई सधैँ यसरी नै आँसु आउँछ । मेरो साथीले भनेको प्रभुको अघि रोयौँ भने मन शान्ति हुन्छ हरे साथै मनोकामना पनि पूरा हुन्छ हरे ! त्यति भनेर उसले अघि बढ्नलाई तर्खर गरी । म पनि ऊसित अलिक परसम्म हिँड्ने विचार गरेँ । म उसकै रफ्तारमा हिँडिरहेको थिएँ । मैले उसको नाम सोधेँ, नानी ! तिम्रो नाम के हो ?उसले छोटो उत्तर दिई, कृतिका । मैले लगत्तै अर्को प्रश्न गरेँ, अनि तिम्रो साथीको नाम चाहिँ ?

राम ! राम बिरामी छ । रामलाई उसका आमाबाबाले असध्य माया गर्छन् । ऊ पढ्नमा पनि तेजी छ । तर अहिले ऊ बिरामी छ र नै म यहाँ उसका निम्ति प्रार्थना गरिरहेको छु । रामलाई राम्ररी जाती भएर मात्र स्कुल आउनु भनेर खबर पठाएको छु । राम छैन भने मलाई स्कुलमा सुन्ने लाग्छ । पहिले म मेरा आमा र पापाका आत्माशान्तिका निम्ति प्रार्थना गर्थें तर अहिले म रामका निम्ति गरिरहेको छु । उसले मलाई रुन्चे स्वरमा आफ्नो मनका कुरा सुनाई । त्यसपछि उसका साना हातहरूले आँखाका आँसु पुछ्दै विश्वासको साथमा बोली, अङ्कल ! राम कति राम्रो नाम छ नि ! राम त भगवान् हुन् । त्यसैले हाम्रो राम पनि कति दयालु छ !

त्यस नानीका कुरा सुनेर कुनिकिन मन कटक्क भएर आयो । मनभित्र कता कता भावनाहरू छछल्किएर आए । उसका हृदयमा ईश्वर, बोलीमा सङ्गीत अनि आँखामा अदृश्य मर्म थिए । अलिक पर पुगेपछि हामी दुवै एकछिन उभ्यौँ । उसले चुपचाप भित्तामा झोला अड्याएर बिसाई । मैले उसलाई एकटक लगाएर हेरिरहेँ । ऊ अलिकति मुसुक्क हाँसेर झोलाबाट ज्यामिति बक्स झिक्दै भनी, अङ्कल ! यो ज्यामिति बक्स, कलम, खाता र किताबहरू सबै रामका आमाबाबाले नै दिएका हुन् ।

झोलाको चेन लगाउँदै ऊ बोलिरह्यो, रामले भनेको साथीलाई मद्दत गर्यौं भने हामी स्वर्गमा पुग्छौं हरे ! स्वर्गमा ईश्वर, आमा र पापा सबै हुन्छन् हरे ! तर म स्वर्ग जान चाहन्नँ ।

त्यस नानीका कुरा सुनेर म आफैँमा ईश्वर खोजिरहेको थिएँ । उसका मिठो बोली, आँखाभरि आँसु र गहिरो कुराले मलाई अचल बनाइरहेका थिए । म केही क्षण चुप लागेर उसलाई हेरिरहेँ । मलाई मात्रै ऊ बोलेकी सुन्न र हेर्न मन लागिरह्यो । मेरो मनले भनिरह्यो कि उसको हृदयमा एउटा गुप्ती मर्म छ जहाँसम्म म पुग्नै सकिरहेको छुइनँ । उसले हिँड्ने बाँकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २०७९ माघ ६ गते हुने निर्वाचनमा राजेन्द्र भण्डारी अध्यक्ष उम्मेदवारको संयुक्त व्यवसायिक समूहका उम्मेदवारहरुलाई अत्याधिक बहुमतले विजयी गराऔं



राजेन्द्र भण्डारी
**अध्यक्ष**
अरोरा ह्युमन रिसोर्स प्रा.लि.
मोबाईल नं.: ९८५१००८१५७



डिक बहादुर खत्री (कुमार)
**प्रथम उपाध्यक्ष**
ओमेगा पावर माईण्ड्स प्रा.लि.
मोबाईल नं.: ९८५१०८३८३१



सन्जु गुरुङ
**द्वितीय उपाध्यक्ष**
अल्करिम ह्युमन रिसोर्सेसेस प्रा.लि
मोबाईल नं.: ९८५१०९३३०७



रोशन कटवाल
**तृतीय उपाध्यक्ष**
सिम्रिक ओभरसिज प्रा.लि
मोबाईल नं.: ९८५१०५२०८२



मिलन कट्टेल
**महासचिव**
एशिया लिङ्क सर्भिसेज प्रा.लि.
मोबाईल नं.: ९८५१०२१७९६



राजेन्द्र अधिकारी
**सचिव**
जे जे ह्युमन रिसोर्स प्रा.लि.
मोबाईल नं.: ९८५१०२२८४६



सरिता घले
**कोषाध्यक्ष**
रिलायन्स रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.
मोबाईल नं.: ९८०१३०८६०७




देउमान नेम्बाङ (डि.एम.सुब्बा)
**सदस्य**
माउण्टेन ग्रुप इन्टरनेशनल प्रा.लि.
मोबाईल नं.: ९८०२०६८८८८



बैकुण्ठ प्र. पौडेल
**सदस्य**
न्यू अल्फा एच.आर. सर्भिसेज प्रा.लि
मोबाईल नं.: ९८५१०७८७०४



शिवहरी मैनाली (सितल)
**सदस्य**
स्प्रिङ नेपाल ह्युमन रिसोर्स प्रा.लि.
मोबाईल नं.: ९८५१००३८०१



आनन्द कोईराला
**सदस्य**
अल हाया ओभरसिज प्रा.लि.
मोबाईल नं.: ९८५१०६४२६०



खेमनाथ गौतम
**सदस्य**
मशरिक इन्टरनेशनल सर्भिसेज प्रा.लि.
मोबाईल नं.: ९८५१०५१८५८



मोहन प्रसाद आचार्य
**सदस्य**
अल सोलुसन इम्प्लोइमेण्ट सर्भिस प्रा.लि.
मोबाईल नं.: ९८५१००५१०८



राजेन्द्र बस्नेत
**सदस्य**
ग्रोव प्रोसेस ईन्टरनेशनल इम्प्लोयमेन्ट प्रा.लि.
मोबाईल नं.: ९८५१०३८०६५



जनक लाल बास्तोला
**सदस्य**
रोयल ईन्टरनेशनल ओभरसिस प्रा.लि.
मोबाईल नं.: ९८५११९८११२



स्याम चन्द्र खतिवडा
**सदस्य**
करिअर इन्टरनेशनल सर्भिसेज प्रा.लि.
मोबाईल नं.: ९८०१०५५७०१



उमेश महतो
**सदस्य**
सुफी इन्टरनेशनल सर्भिसेज प्रा.लि.
मोबाईल नं.: ९८५११८२६८६

"राष्ट्को निर्माणको आधार, सुरक्षित वैदेशिक रोजगार"


**जनआकाश मिडिया प्रा.लि.का लागि:** प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, सम्पादक : ईन्दिरा घमला, ९८६१५८८४५६,९८६१५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस